का.जि.प्र.का.द.नं. १००/०५२/६०
२३ भदौ २०८३
मंगलबार
8 September 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

जेनजी आन्दोलनको एक वर्ष

बदलियो सत्ता बदलिएन प्रश्न

भ्रष्टाचार, सुशासन, रोजगारी र जवाफदेहितासँग सम्बन्धित प्रश्नको जवाफ प्रधानमन्त्री वा मन्त्री परिवर्तनले मात्र दिँदैन। समस्या प्रशासनिक संस्कार, राजनीतिक संरक्षण, कमजोर संस्थागत जवाफदेहिता र राज्यका स्रोतमा पहुँचको असमानतासँग जोडिएको छ।

बितेको एक वर्षमा आफ्नै निर्देशन, आदर्श र आदेशप्रति कति इमानदार र जिम्मेवार देखियौं भन्ने कुरामा आफैंले आफैंलाई परीक्षा लिएको जस्तो भयो।

■ उपार्जन चाम्लिङ, जेनजी अगुवा

देश समृद्ध भए मात्रै जेनजी सहिदले मागेका विषय र देखेका सपनाहरू पूरा हुन्छ।

■ रचना खतिवडा
जेनजी सहिदकी आमा तथा सांसद्

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २२ भदौ

जेनजी अगुवा उपार्जन चाम्लिङका अनुसार जेनजी आन्दोलनयताको एक वर्ष नेपालका लागि र अझ विशेष गरेर युवा नेतृत्वका लागि ठुलो परीक्षाजस्तो रह्यो।

'जेनजी मुभमेन्टपछि प्रश्न, आलोचना र मुद्दासहित सडकमा आएको पुस्ताले मुलुकलाई नयाँ दिशानिर्देश, नयाँ आदर्श र नयाँ सन्देश दिएको थियो,' उनी भन्छन्, 'बितेको एक वर्षमा आफ्नै निर्देशन, आदर्श र आदेशप्रति कति इमानदार र जिम्मेवार देखियौं भन्ने कुरा आफैंले आफैंलाई परीक्षा लिएको जस्तो भयो।'

आन्दोलनपछिको एक वर्ष नयाँ पुस्ताका लागि आफैंले उठाएका आदर्श, मुद्दा र प्रतिबद्धताप्रति कति इमानदार र जिम्मेवार रहन सकियो भन्ने परीक्षणको समय बनेको छ। जेनजी दिवसका सन्दर्भमा जेनजी अगुवा चाम्लिङले यस्तो बताएका हुन्।

एक वर्षअघि आजकै दिन अर्थात् २३ भदौमा काठमाडौंका सडकमा जेनजी युवा जम्मा भएका थिए। त्यसबाट सुरु भएको आन्दोलनले सत्ता बदल्यो। अनि नयाँ ढंगको राजनीतिक परिस्थिति सिर्जना गऱ्यो। यसको स्मरणमा सरकारले सरकारले सार्वजनिक बिदा नै दिएको छ।

जेनजी आन्दोलनको जगमा भएको निर्वाचन र निर्वाचनपछिको सरकारका सूचना तथा सञ्चारमन्त्री डा.विक्रम तिमिल्सनाका नजरमा जेनजी आन्दोलनको प्रमुख मुद्दा सुशासन थियो। अर्थात्, जेनजी आन्दोलनमा युवा भिडले प्रश्न सामाजिक सञ्जाल बन्दको विरोध मात्रै गरेका थिएनन्। उनीहरूले भ्रष्टाचार नियन्त्रण, सुशासनका साथै राज्य कसका लागि हो? भनेर प्रश्न गरेका थिए। सरकार नागरिकप्रति कति जवाफदेही छ? भनेर सोधेका थिए। नेताहरूको जीवनशैली र सामान्य युवाको जीवनबीच कति ठुलो दूरी छ भनेर सामाजिक सञ्जालमा क्याम्पेनिङ नै गरेका थिए। रोजगारीका लागि विदेश जानुपर्ने >>> पृष्ठ २ मा

उपलब्धि

- पुराना दलको वर्चस्वमा धक्का
- संसद् र सरकारमा युवाको वर्चस्व
- सडकको आवाज मतादेशमा रूपान्तरण
- सबै दलमा पुस्तान्तरणको बहस तीव्र
- राजनीतिको केन्द्रमा युवाको मुद्दा

अपेक्षा यथावत्

- भ्रष्टाचार नियन्त्रण भयो?
- सरकारी सेवा छिटो खै?
- युवाका लागि पर्याप्त रोजगारी कहिले?
- विदेश पलायन किन रोकिएन?
- राजनीतिक नियुक्तिमा खै मेरिटोक्रेसी?
- ठेक्का र सार्वजनिक खरिदमा पारदर्शिता बढ्यो?
- राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र कति सुधारियो?

२०८३ भदौ २३
पहिलो जेनजी सहिद दिवस

२०८३ जेठ १३
राष्ट्रिय मानवअधिकार आयोगले जेनजी आन्दोलनसम्बन्धी अनुसन्धान प्रतिवेदन सार्वजनिक। कार्यान्वयन गर्न सरकारलाई सिफारिस।

२०८२ चैत १३
निर्वाचनपछि नयाँ राजनीतिक शक्ति निर्णायक। बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त।

२०८२ फागुन २४
गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन सरकारद्वारा ग्रहण

२०८२ फागुन २१
प्रतिनिधिसभाको निर्वाचन।

२०८२ मंसिर २४
सरकार र जेनजी प्रतिनिधिबीच सम्झौता। सहिद परिवार तथा घाइतेका लागि राहत, उपचार, शिक्षा, रोजगारी र सामाजिक सुरक्षालगायतका विषय समेटिए।

२०८२ असोज ५
भदौ २३ र २४ का घटनाको छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन।

२०८२ भदौ २७
पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन। आन्दोलनका मृतकलाई सहिद घोषणा गर्ने प्रक्रिया अघि बढ्यो। प्रतिनिधिसभा विघटन।

२०८२ भदौ २४
आन्दोलन हिंसात्मक बन्यो। सरकारी तथा निजी संरचनामा तोडफोड र आगजनी भए। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए।

२०८२ भदौ २३
सामाजिक सञ्जाल प्रतिबन्धविरुद्ध जेनजी युवाको प्रदर्शन। काठमाडौंमा सुरक्षा निकायको बल प्रयोग। १९ युवाको मृत्यु।

बढ्यो युवामा राजनीतिक आत्मविश्वास

जेनजी आन्दोलनले उठाएका कैयन् प्रश्नहरू यथावत् छन्। तर यसबीचमा सामाजिक परिवर्तनमा युवाको राजनीतिक आत्मविश्वास बढेको विभिन्न तथ्यले देखाउँछ। मन्त्रिपरिषद्मा युवाको वर्चस्व छ। संसद्मै युवा अनुहारको वर्चस्व छ।

३६ वर्षीय बालेन प्रधानमन्त्री छन्। कानुनमन्त्री सोविता गौतम ३० वर्षकी छन्। भौतिक पूर्वाधार मन्त्री सुनिल लम्साल ३५ वर्षका हुन् भने शिक्षामन्त्री सस्मित पोखरेल २९ वर्षका भए। स्वास्थ्यमन्त्री निशा मेहता ३८ वर्षकी भइन् भने श्रममन्त्री दीपक शाह ३४ वर्षका >>> पृष्ठ २ मा

आयोगका प्रतिवेदन विवादमा न्याय कुर्दै सहिद परिवार

भदौ २३ र २४ का घटनाको छानबिन गर्न गौरीबहादुर कार्कीको नेतृत्वमा आयोग बन्यो। उक्त आयोगले सुरक्षा निकायका अधिकारीमाथि विभागीय तथा फौजदारी कारबाहीको सिफारिस गरेको छ। राष्ट्रिय मानवअधिकार आयोगले पनि आफ्नै अनुसन्धानपछि सरकारलाई सिफारिस गरिसकेको छ। तर, दुवै प्रतिवेदनले औंल्याएका कैयन् विषय कार्यान्वयनमा आएको छैन। कार्की आयोगले सुरक्षा निकायका अधिकारीमाथि विभागीय तथा फौजदारी कारबाही सिफारिस गरेको विषयमा सरकारले छुट्टै अध्ययन गर्ने भनेको छ। बाँकीको हकमा एक हदसम्म कार्यान्वयनमा लागेको सरकारी दाबी >>> पृष्ठ २ मा

बिग्रियो 'सप्लाई चेन' व्यवस्थापनमा बेवास्ता

छबि सापकोटा/मध्यान्ह
काठमाडौं, २२ भदौ

उपत्यकामा खाना पकाउने एलपी ग्यासको अभाव चुलिँदै गएपछि उपभोक्ता समस्यामा परेका छन्। काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न बिक्री केन्द्रमा ग्यास लिन लामो लाइन लागे पनि उपभोक्ताले सहज रूपमा ग्यास पाउन सकेका छैनन्। घण्टौं लाइन बसेर पनि खाली सिलिन्डर बोकेर घर फर्किनुपर्ने अवस्था छ।

ग्यासको आपूर्ति शृंखला नै बिग्रिएपछि त्यसको प्रत्यक्ष मार उपभोक्तामाथि परेको हो। सडक अवरोधका कारण ग्यास बोकेका बुलेट उपत्यकाको प्रवेश गर्न नसक्दा बजारमा आपूर्ति कमजोर भएको छ। एक महिनाभन्दा बढी समयदेखि सडक अवरोधको समस्या रहे पनि सरकारले ग्यासको माग र आपूर्तिबीचको शृंखला व्यवस्थित गर्न सकेको छैन। त्यसमाथि आपूर्ति समस्यालाई केही व्यवसायीले कमाउने अवसर बनाउँदा कालोबजारी र कृत्रिम अभावको समस्या पनि देखिन थालेको छ। >>> पृष्ठ २ मा

सुरुङमा फसेकाका परिवारको गुनासो

उद्धारमा सरकारले ढिलाइ गऱ्यो

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २२ भदौ

नुवाकोटकी मीना रानालाई माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (मैलुङ)मा कार्यरत श्रीमान् विनय रानामगरको जीवित उद्धार हुन्छ कि भन्ने आशा छ। गत भदौ १० गते आएको भोटेकोशी बाढीपछि विनय सुरुङभित्रै फसेको आशंका छ।

अपर त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट १० दिनपछि दुईजनाको जीवित उद्धार भएपछि

> १० दिनपछि अपर त्रिशूली-३ 'ए'को सुरुङबाट दुईजनाको र ११औं दिनमा माथिल्लो त्रिशूली-१ बाट चिनियाँ नागरिकको जीवितै उद्धार भएपछि बाढीमा बेपत्ता भएकाहरूको परिवारमा आशा पलाएको छ। १३ दिन बितिसक्दा पनि आफन्तको अवस्था थाहा नहुँदा उनीहरूले सरकारमाथि उद्धार र खोजीमा ढिलाइ गरेको आरोप लगाएका छन्।

मीनाको आशा पलाएको हो। उनका श्रीमान्सहित सातजना सो आयोजनामा बेपत्ता छन्। तर, सुरुङभित्र बेपत्ता भएकाहरूको खोजीमा सरकारले ढिलाइ गरेको उनको गुनासो छ।

श्रीमान् बाढीमा बेपत्ता भएको खबर पाएपछि उनी शुक्रबार मात्रै दुबईबाट नेपाल आएकी थिइन्। नेपाल आएपछि उनी उद्धारका लागि सम्बन्धित निकाय धाउन थालेकी छन्। '१० दिनसम्म पनि सुरुङभित्र मानिसहरू जीवितै >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

नयाँ महानिर्देशकसँग संघ प्रतिनिधिमण्डलको छलफल

मध्यान्ह संवाददाता
काठमाडौं, २२ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक नवराज ढकाललाई भेट गरी वैदेशिक रोजगार प्रशासन सुधारका विषयमा छलफल गरेको छ। महानिर्देशक ढकालले गतसाता विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेका थिए।

सोमबार संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'को नेतृत्वमा संघका पदाधिकारी तथा सदस्यहरूको प्रतिनिधिमण्डलले नवनियुक्त महानिर्देशक ढकाललाई भेट गरी सफल कार्यकालको बधाई तथा शुभकामना व्यक्त गरेको छ।

सो अवसरमा संघ प्रतिनिधिमण्डल र महानिर्देशक ढकालबीच वैदेशिक रोजगार प्रशासनमा रहेका आन्तरिक तथा बाह्य दुवै प्रकारका समस्याबारे छलफल भएको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए। उनले वैदेशिक रोजगार क्षेत्रका समसामयिक समस्यासहित नीतिगत विषयमा पनि छलफल भएको बताए।

त्यसअवसरमा महानिर्देशक ढकालले स्वस्थ प्रतिस्पर्धालाई निरुत्साहित गर्ने कुनै पनि किसिमको एकाधिकार कायम हुन नदिने, नीतिगत सुधार तथा व्यवसायीमैत्री वातावरण निर्माणमा आवश्यक >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२३ भदौ २०८३ मंगलबार
8 September 2026 Tuesday

भोटेकोशी बाढी

दुर्गममा राहत अभाव सुगममा राख्ने ठाउँ छैन

ठुलो हेलिकोप्टर जान सक्ने अवस्था छैन, सानोको भारवहन क्षमता कम भएको र धेरै ठाउँमा सामान पुऱ्याउनुपर्ने हुँदा पर्याप्त राहत पुग्न सकेन, तर अभावको स्थिति हैन।

■ **द्रुवप्रसाद अधिकारी**
सहायक प्रजिअ रसुवा

*भोटेकोशी बाढीप्रभावित क्षेत्रमा राहत वितरणका लागि रसुवाको धुन्चेमा हेलिकोप्टर सेवा । **तस्बिर : रासस***

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २२ भदौ ।

भोटेकोशी बाढीप्रभावितका लागि सरकार र विभिन्न संघसंस्थाले राहत वितरण तीव्र बनाए पनि सडक पहुँच टुटेको रसुवाका दुर्गम बस्तीमा राहत पुग्न सकेको छैन। सडक सुविधा भएका नुवाकोट, धादिङलगायत क्षेत्रमा भने राहत सामग्रीको ओइरो लागेको छ। प्रभावितले राहतभन्दा पनि राहत राख्ने ठाउँको अभाव महसुस गर्न थालेका छन्।

रसुवाको उत्तरगया गाउँपालिका-१ जोड्ने मुख्य सडक सञ्जाल बाढीले ध्वस्त पारेपछि यहाँका दुर्गम बस्तीमा उद्धार र राहत पुऱ्याउन कठिन भएको हो। प्रभावित नागरिकका लागि आवश्यक खाद्यान्न, पकाउने भाँडाकुँडा, त्रिपाल, म्याट, सिरक, डस्ना, कम्बललगायत सामग्रीको अभाव कायम छ।

राहत सामग्री बोकेका सवारीसाधन सडक पहुँच भएका ठाउँसम्म पुगिरहेका छन्। तर, त्यहाँबाट दुर्गम बस्तीमा सामग्री लैजान सकिएको छैन। कतिपय राहत सामग्री नेपाली सेनाको ब्यारेकमा थन्किएको स्थानीय जनप्रतिनिधिले बताएका छन्। 'सडक क्षतविक्षत भएकाले गाडी चल्ने अवस्था छैन,' उत्तरगया-१ का वडाध्यक्ष मारसिं तामाङले भने, 'पैदल हिँडेर पनि पुग्न नसकिने दुर्गम बस्तीमा हेलिकोप्टरको विकल्प छैन। तर, हेलिकोप्टरसमेत नियमित रूपमा उपलब्ध हुन नसक्दा राहत सामग्री गोदाममै थन्किएको अवस्था छ।'

उत्तरगया गाउँपालिका-१ बाढीबाट सबैभन्दा बढी क्षति भएको क्षेत्रमध्ये एक हो। यस वडाका थिरू, गोगने र कारमराङको अवस्था निकै नाजुक रहेको अध्यक्ष तामाङले बताए। यी बस्ती वडा कार्यालय रहेको क्षेत्रबाट करिब ४०-४५ किलोमिटर टाढा छन्। भौगोलिक विकटता र बाटोघाटो पूर्ण रूपमा बन्द भएकाले गाडी वा पैदल हिँडेर त्यहाँ पुग्ने अवस्था छैन। 'हिँडेर आवतजावत गर्न सक्ने अवस्था नै छैन,' तामाङले भने, 'सुरुमा हेलिकोप्टरमार्फत थोरै सामग्री खसालिएको भए पनि अहिले हेलिकोप्टर नआउँदा उद्धार र राहत ठप्पजस्तै छ।'

'ठुलो हेलिकोप्टर जान सक्ने अवस्था छैन'

स्थानीय प्रशासनले प्रभावितलाई न्यूनतम राहत पुऱ्याएको दाबी गरे पनि पर्याप्त नभएको जनाएको छ। रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार सडक र हेलिकोप्टरमार्फत प्रभावित क्षेत्रमा राहत सामग्री पुऱ्याउने काम भइरहेको छ। हेलिकोप्टरको सीमित भारवहन क्षमताका कारण पर्याप्त राहत वितरण गर्न नसकिएको उनको भनाइ छ। 'ठुलो हेलिकोप्टर जान सक्ने अवस्था छैन। सानो हेलिकोप्टरको भारवहन क्षमता कम भएको र धेरै ठाउँमा सामान पुऱ्याउनुपर्ने भएकाले पर्याप्त सामग्री पुग्न सकेको छैन,' अधिकारीले भने, 'तर अभावको स्थिति भने होइन।'

स्थानीय जनप्रतिनिधि र राहत वितरणमा सहभागीहरूले मोटरबाटोको कनेक्सन टुटेकाले पीडित परिवारसम्म राहत सामग्री पुऱ्याउन कठिन भएको बताएका छन्।

नेपाली सेनाले भने राहतकै लागि हेलिकोप्टर नचलाएको जनाएको छ। नेपाली सेनाका एक अधिकृतले भने, 'रसुवामा राहत वितरणको जिम्मा सशस्त्र प्रहरी बलको हो। सोही संगठनले आवश्यक व्यवस्थापन गर्ने भएकाले नेपाली सेनाले राहत वितरणकै लागि भनेर हेलिकोप्टर चलाउने जिम्मेवारी छैन।'

सुगममा थन्किँदै राहत

रसुवाबाहेक नुवाकोट, धादिङलगायत सडक पहुँच भएका क्षेत्रमा भने राहत सामग्री लिएर जानेहरूको भिड छ। त्यहाँका पीडितलाई राहतको अभावभन्दा प्राप्त सामग्री सुरक्षित राख्ने ठाउँको समस्या हुन थालेको छ। दाताले राहतस्वरूप ल्याएका दाल, चामल, तरकारी, बिस्कुट, चाउचाउलगायत खाद्य सामग्री राख्ने ठाउँ नहुँदा बिग्रिने अवस्था आउन लागेको स्थानीय नागरिक अगुवा बताउँछन्।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका पूर्वअध्यक्षसमेत रहेका नुवाकोटका पत्रकार शिव देवकोटाले पीडितलाई राहतभन्दा बढी अस्थायी बासको खाँचो रहेको बताए। 'राहत सामग्री ल्याउनेको भिड देखियो, तर राहत थन्क्याउने ठाउँको अभाव छ,' देवकोटाले भने, 'सरकारले अब पीडितका लागि तत्काल अस्थायी बासस्थानलाई प्राथमिकतामा राख्नुपर्छ।'

धादिङका स्थानीय तहहरूले पनि होल्डिङ सेन्टरमा राखिएका बाढी प्रभावितलाई राहतको समस्या नभएको बताएका छन्। तर, उनीहरूका लागि अल्पकालीन र दीर्घकालीन आवासको व्यवस्था आवश्यक रहेको गल्छी गाउँपालिका-६ का वडाध्यक्ष दीपककुमार कार्कीले बताए। सरकारले होल्डिङ सेन्टरमा राखेकाहरूका लागि आफन्त, संघसंस्था, राज्यका निकाय तथा राजनीतिक दलसम्बद्ध संगठनले सडक पहुँच भएका क्षेत्रमा राहत वितरण तीव्र बनाएका छन्। वडा अध्यक्षहरूले होल्डिङ सेन्टर बनाउने र विस्थापितको व्यवस्थापन गर्ने तथा विभिन्न संघसंस्थाले राहत वितरण र खाना पकाउने-खुवाउने काम गरिरहेका छन्।

स्थानीय सरकारका प्रमुखहरूले भने अब संघीय सरकारले मोटरबाटोको अवरोध हटाउने र स्वास्थ्य उपचारमा विशेष ध्यान दिनुपर्ने माग गरेका छन्।

बढ्दो स्वास्थ्य जोखिम

बाढीमा पुरिएका मानव तथा पशुचौपायाका मृत शरीर खोला-बगरमा देखिन थालेका छन्। यसले स्वास्थ्य जोखिम बढाएको स्वास्थ्य विशेषज्ञहरूले बताएका छन्। रसुवा, नुवाकोट र धादिङका तटीय क्षेत्रमा बाढीले बगाएका पशुचौपाय बगरभरि देखिन थालेका छन्। मानव शवको व्यवस्थापनमा ढिलाइ हुँदा पनि संक्रमणको जोखिम बढ्न सक्ने भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

स्थानीय सरकारले होल्डिङ सेन्टर बनाएर राखेका पीडितको संख्या बिस्तारै घट्दै गएको बेलकोटगढी-५ का वडाध्यक्ष मदन भुजेलले बताए। पीडितहरू आफन्तकोमा जाने, कोठा खोजेर बस्ने र बस्न योग्य आफ्ना घर सफा गरेर फर्कने क्रम रहेको उनको भनाइ छ।

बाढीमा पुरिएका मानव शव र पशुचौपायाको व्यवस्थापनमा कमजोरी रहेको अध्यक्ष भुजेलको गुनासो छ। 'मानवीय शवको खोजी, उद्धार र व्यवस्थापनसँगै मृत पशुचौपायाको व्यवस्थापनमा ढिलाइ हुँदा गम्भीर स्वास्थ्य समस्या निम्तिने खतरा छ,' उनले भने।

स्थानीय प्रशासनले भने स्वास्थ्यकर्मी र स्वास्थ्य सामग्री सबै होल्डिङ सेन्टरमा व्यवस्था गरिएको र हालसम्म ठुलो स्वास्थ्य समस्या नदेखिएको बताउँदै आएको छ। शव व्यवस्थापनमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहितको टोलीले काम गरिरहेको नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताए। मानवीय स्वास्थ्यलाई ध्यानमा राखेर मृत पशुचौपायाको व्यवस्थापनमा कृषि, वन तथा पर्यावरण मन्त्रालय र स्थानीय सरकार मिलेर काम गरिरहेको उनको भनाइ छ।

रसुवामा पनि सोहीअनुसार शव व्यवस्थापनको काम भइरहेको प्रशासनको दाबी छ। सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले भने, 'नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसमेतको टोलीले अहिले १६९ शव निकालेर हेलिकोप्टरमार्फत केही त्रिशूली र केही काठमाडौं पठाइसकेका छौं। खोजी कार्य अझै जारी छ।'

पशुचौपायाको व्यवस्थापनका लागि मन्त्रालयबाटै विशेष टोलीले स्थानीय तहसँगको सहकार्यमा काम गरिरहेको अधिकारीले बताए।

बदलियो...

बाध्यता कहिलेसम्म ? भनेर सोधेका थिए। यी प्रश्न कति सम्बोधन भए ? कति बाँकी छन् ? प्रश्न अहिले पनि छ। सञ्चारमन्त्री डा. विक्रम तिमिल्सना भने जेनजी आन्दोलनको स्पिरिटअनुसार निर्वाचन भएर बनेको सरकारले काम गरिरहेको बताउँछन्।

१०० दिनमा १०० वटा काम गरेर सरकारले जनेजी आन्दोलनको स्पिरिट समातेको सन्देश दिइसकेको दाबी गर्दै उनले सरकारी सञ्चारमाध्यमका पत्रकारहरूसँग भनेका छन्, 'युवाको सन्देश सरकारले कहिल्यै भुल्दैन, जेनजी आन्दोलनको माग केन्द्रमा राखेर नीति निर्माणको काममा सरकार लागेको छ।'

अर्थात्, जेनजी अगुवा उपार्जन चाम्लिङ र सूचना तथा सञ्चारमन्त्री डा. तिमिल्सनाको प्रतिक्रियाले सत्ता बदलिएको, संस्कार बदल्ने प्रयास भएको सन्देश प्रवाह गर्दछ। तर शासन शैलीलाई लिएर नागरिकका अपेक्षासँग सम्बन्धित रहेर प्रश्नहरू फेरि पनि धेरै बदलिएका छैनन्।

पूर्वगृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार २०८२ भदौ २३ गते सामाजिक सञ्जालमाथिको प्रतिबन्धको विरोधबाट सुरु भएको जेनजी आन्दोलन त्यसै दिन राज्यको कठोर दमनमा पुग्यो। प्रहरीको गोली लागेर युवाहरूको मृत्यु भयो, सयौं घाइते भए। भोलिपल्ट आन्दोलन अझ उग्र बन्यो। सरकारी तथा निजी संरचनामा तोडफोड र आगजनी भयो। प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिन बाध्य भए। पुरानो सत्ता समीकरण भत्कियो।

त्यसपछि नेपालले एक वर्षभित्र असाधारण राजनीतिक यात्रा पार गऱ्यो। २७ भदौ २०८२ मा पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो। सोही दिन प्रतिनिधिसभा विघटन भयो। २१ फागुन २०८२ मै नयाँ निर्वाचन भयो। पुराना ठुला दलहरू कमजोर भए। जेनजी पुस्ताको असन्तुष्टिबाट बनेको राजनीतिक लहरले नयाँ शक्तिका रुपा राष्ट्रिय स्वतन्त्र पार्टीलाई दुई सिट कम दुईतिहाइ बहुमत दिए। काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री बने। बालेन प्रधानमन्त्री बनेको पनि ६ महिना हुन लाग्यो। यसबीचमा सरकारले नयाँ संस्कारको सन्देश दिन प्रयत्न गरेको छ। तथापि, नागरिकका अपेक्षा र सुधारका प्रश्न यथावत् छन्।

'भ्रष्टाचार नियन्त्रण भयो ?, सरकारी सेवा छिटो खै !, युवाका लागि पर्याप्त रोजगारी सिर्जना कहिले ?, विदेश पलायन किन रोकिएन ?' सडकमा अहिले पनि यस्ता प्रश्न सुनिन्छन्, 'योग्यता र क्षमताका आधारमा राजनीतिक नियुक्ति खै ? ठेक्का र सार्वजनिक खरिदमा पारदर्शिता बढ्यो ? राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र कति सुधारियो ?'

यी प्रश्नको सम्बोधन भइसकेको छैन। सरोकारवालाहरूका नजरमा नेपालको समस्या प्रधानमन्त्री वा मन्त्री परिवर्तनले गर्दैन। समस्या प्रशासनिक संस्कार, राजनीतिक संरक्षण, कमजोर संस्थागत जवाफदेहिता र राज्यका स्रोतमा पहुँचको असमानतासँग जोडिएको छ।

बढ्यो...

छन्। सामान्य प्रशासनमन्त्री प्रतिभा रावल ३२, गृहमन्त्री सुधन गुरुङ ३८, महिला मन्त्री सीता बादी ३० र कृषिमन्त्री गीता चौधरी ३२ वर्षका छन्।

मन्त्रिपरिषद्मा सबैभन्दा पाका स्वर्णिम वाग्ले हुन्। उनी ५१ वर्षका भए। परराष्ट्रमन्त्री शिशिर खनाल ४७, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ ४४, पर्यटनमन्त्री खड्कराज पौडेल र सञ्चारमन्त्री विक्रम तिमिल्सिना ४३ वर्षका छन्। मन्त्रिपरिषद्को यस्तो संरचनाले युवामा उत्साह थपेकै छ।

पहिले राजनीति भनेको दलका कार्यकर्ता, नेता र निर्वाचनको समयमा मात्र सक्रिय हुने विषयजस्तो देखिन्थ्यो। जेनजी आन्दोलनले नागरिक पनि राजनीतिक शक्ति हो भन्ने धारणा बनाइदिएको छ। यससँगै सामाजिक सञ्जालमा विचार राख्ने, सार्वजनिक प्रश्न गर्ने, नेताको जवाफ माग्ने र चुनावमा नयाँ विकल्प रोज्ने संस्कृति विस्तार भएको छ।

२१ फागुनको निर्वाचनमा १० लाख नयाँ मतदाता थपिएका थिए। यो पनि युवामा बढेको राजनीतिक आत्मविश्वासको उदाहरण हो।

अब कुनै पनि राजनीतिक दलले युवालाई चुनावको बेला सम्झेर पुग्दैन। उनीहरूले निर्णय प्रक्रियामा सहभागिता खोजिरहेका छन्। यो सत्तारुढ दल रास्वपाकै हकमा पनि लागू हुन्छ। रक्षा बम, माजिद अन्सारी, उपार्जन चाम्लिङलगायत थुप्रै जेनजी अभियन्ता सरकारलाई खबरदारी गरिरहेका छन्।

आयोगका...

छ। मानवअधिकार आयोगको प्रतिवेदन सरकारले कार्यान्वयनमा लगेकै छैन।

प्रतिवेदन कार्यान्वयन नगरेर न्यायको प्रश्नमा ढिलाइ गर्नु भनेको पीडितको पीडा लम्ब्याउनु मात्र होइन, भविष्यमा राज्यले प्रदर्शनकारीसँग कस्तो व्यवहार गर्छ भन्ने नजिर पनि बनाउनु हो। त्यसैले जेनजी आन्दोलनको एक वर्ष बित्दै गर्दा यही प्रश्न चोटिलो बनेको छ। जेनजी आन्दोलनमा भएको विध्वंसमा संलग्नलाई कानुनको दायरामा ल्याउने र मानवअधिकार उल्लंघनका दोषीमाथि कानुनअनुसार कारबाही हुन्छ कि हुँदैन ?

किनभने, जेनजी आन्दोलन पूर्णतः शान्तिपूर्ण थिएन। भदौ २४ का घटनामा सरकारी तथा निजी सम्पत्तिमा ठुलो क्षति भयो। आगजनी, तोडफोड र लुटपाटका घटनाले आन्दोलनको नैतिक प्रश्न पनि उठायो। त्यसैले आन्दोलनलाई न पूर्ण रूपमा 'न्यायको पवित्र आन्दोलन' भनेर हेर्न मिल्छ, न हिंसात्मक घटनाका कारण यसको मूल असन्तुष्टिलाई नै अस्वीकार गर्न सकिन्छ।

राष्ट्रिय मानवअधिकार आयोगले २३ भदौको घटनालाई मानवअधिकार उल्लंघनसँग जोड्दै २४ भदौका घटनामा संगठित आपराधिक गतिविधि भएको निष्कर्षसमेत निकालेको छ। त्यसले राज्यको दमन गलत हो भने आन्दोलनको नाममा हुने हिंसा पनि स्वीकार्य हुँदैन। लोकतन्त्रमा दुवै पक्ष कानुनको दायरामा रहनुपर्छ।

साथै, जेनजी आन्दोलनमा ज्यान गुमाएका परिवारका सदस्यहरू पनि राजनीतिक परिवर्तनभन्दा आफ्ना आफन्तको मृत्युको सत्य र दोषीमाथिको कारबाही ठुलो विषय भएको बताउँछन्।

सरकारले सहिद परिवारलाई राहत तथा क्षतिपूर्ति दिएको भए पनि रोजगार, दीर्घकालीन स्वास्थ्य उपचार, सामाजिक सुरक्षा र अन्य प्रतिबद्धता पूरा नगरेको गुनासो छ।

जेनजी सहिदकी आमा रचना खतिवडा प्रतिनिधिसभा सदस्य छिन्। उनले प्रतिनिधिसभाको बैठकमा भनेकी छन्, 'देश समृद्ध भए मात्रै जेनजी सहिदले मागेका विषय र देखेका सपनाहहरू पूरा हुन्छ।'

घण्टौं...

ग्यास अभाव बढ्दै जाँदा त्यसलाई नियन्त्रण गर्न नेपाल आयल निगमसमेत प्रभावकारी हुन सकेको छैन।

भदौ १० गतेको भोटेकोशी बाढीपछि पृथ्वी राजमार्गको मुग्लिङ-नौबिसे सडक खण्डअन्तर्गत कृष्णभिरमा गएको पहिरोले ग्यास आपूर्तिमा थप समस्या निम्त्याएको हो। कृष्णभिरमा सडक अवरुद्ध हुँदा राजधानी आसपासका १८ वटा ग्यास उद्योग प्रभावित भएका छन्। उद्योगले बुलेट ल्याउन सक्ने अवस्था छैन।

तर, ग्यास आपूर्तिको समस्या कृष्णभिरको पहिरोपछि मात्र सुरु भएको होइन। पश्चिम एसियामा द्वन्द्व सुरु भएपछि नै निगमले उपभोक्तालाई सहज रूपमा ग्यास पाउने वातावरण बनाउन सकेको थिएन। कृष्णभिरको सडक अवरोधले पहिलेबाटै कमजोर रहेको आपूर्ति शृंखलालाई थप प्रभावित बनाएको हो।

वैकल्पिक मार्गबाट ग्यास ढुवानी गर्दा लागत बढेको भन्दै व्यवसायीले मूल्यसमेत बढाएका छन्। तर, बढेको मूल्य तिर्न तयार हुँदा पनि उपभोक्ताले सहज रूपमा ग्यास पाउन सकेका छैनन्।

६ महिनादेखि अभाव

नेपाल आयल निगमका अनुसार ग्यासको अभाव हुन थालेको ६ महिनाभन्दा बढी भइसकेको छ। अभाव देखिएपछि निगमले फागुनको पहिलो सातादेखि असार मसान्तसम्म उद्योगलाई आधा सिलिन्डर अर्थात् ७.१ किलोग्राम ग्यास मात्र बिक्री गर्न निर्देशन दिएको थियो।

आधा सिलिन्डर बिक्रीको नियम लागू भएपछि केही समय ग्यास सहज रूपमा पाउन थालिएको थियो। पछि ग्यास पर्याप्त आयात भएको भन्दै उद्योगीले पूरा सिलिन्डर बिक्री गर्न माग गरे। त्यसपछि निगमले पुनः पूरा सिलिन्डर बिक्री सुरु गरेको थियो।

पूरा सिलिन्डर बिक्री सुरु भएपछि फेरि ग्यासको संकट देखिन थालेको हो। त्यसैबीच भदौ १० गतेको भोटेकोशी बाढीपछि कृष्णभिरमा पहिरो गएर सडक अवरुद्ध हुँदा समस्या थप गम्भीर बनेको छ।

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सिनाले निगमको अक्षमताका कारण ग्यास अभाव सिर्जना भइरहेको बताए। 'ग्यास अभाव सुरु भएको ६ महिना भयो, तर निगमले कानमा तेल राखेर निदाएको छ। उपभोक्तालाई कसरी संकटमा राहत दिनेभन्दा उल्टै व्यवसायीको पक्षमा बोल्ने गरेका छन्,' उनले भने।

उनका अनुसार सरकारले तोकेको मूल्यसमेत ग्यास उद्योगीको मागअनुसार लागू भइरहेको छ। 'त्यो वा त्यो बहाना बनाएर उपभोक्तामाथि ढाड सेक्ने काम भएको छ। पैसा तिरेर पनि ग्यास चाहियो भन्दा ग्यास दिन नसक्ने निगमको नेतृत्वले के हेरेर बसिरहेका छन् ?' उनले प्रश्न गरे।

उपभोक्ताकर्मी प्रेमलाल महर्जनले पनि नेपाल आयल निगमको अकर्मण्यताका कारण ग्यासको अभाव भएको बताए। सरकारले ग्यासको अभाव नभएको दाबी गरे पनि उपभोक्ताले व्यवहारमा लामो समयदेखि ग्यासका लागि लाइन बस्नुपर्ने र खाली सिलिन्डर बोकेर हिँड्नुपर्ने अवस्था रहेको उनले बताए। 'कहिले डिपोमा लामो लाइन बस्नुपर्ने, कहिले ग्यासका लागि पसल-पसल धाउनुपर्ने र पछिल्लो समय कृष्णभिरको सडक भासिएपछि झन् अनिश्चितता बेहोर्नुपर्ने अवस्था छ,' उनले भने।

उनका अनुसार सरकारले उपभोक्तालाई तोकिएका केही स्थानबाट मात्र ग्यास लिन बोलाउँदा सर्वसाधारणलाई झन् समस्या भएको छ। यसले डिलर, सब-डिलर र उपभोक्ताबीचको नियमित आपूर्ति शृंखलासमेत कमजोर बनाएको उनको भनाइ छ। 'चाडपर्व नजिकिँदै गर्दा आपूर्ति प्रणाली व्यवस्थित नगरे ग्यासको चरम संकट आउँछ,' उनले भने।

निगमको व्यवस्थापकीय क्षमतामाथि प्रश्न

भदौ १९ गते नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले राखेको 'रसुवा बाढी : आपूर्ति र मूल्य शृंखलामा आएको परिवर्तन र चुनौती'सम्बन्धित अन्तरक्रियामा पनि ग्यासको मूल्य र आपूर्तिको विषय उठेको थियो। नेपाल आयल निगमका कार्यकारी निर्देशक नागेन्द्र साहले कृष्णभिर पहिरोका कारण ग्यासको मूल्य बढेको विषयमा उपभोक्ताकर्मीले प्रश्न उठाएपछि १७ सय रुपैयाँको एक किलो मासु खान सक्नेका लागि २१ सय रुपैयाँको ग्यास महँगो नहुने तर्क गरेका थिए।

निगमका कार्यकारी निर्देशकको यस्तो भनाइले ग्यासको मूल्य र आपूर्तिको समस्यालाई उपभोक्ताको समस्याका रूपमा सम्बोधन गर्नुभन्दा मूल्य वृद्धिको बचाउमा निगम नेतृत्व उभिएको उपभोक्ताकर्मीको भनाइ छ।

उता, निगमले घरायसी प्रयोजनका उपभोक्तालाई प्राथमिकता दिन र व्यावसायिक प्रयोजनका लागि व्यवसायीलाई आफैं ग्यास ल्याउन निर्देशन दिएको छ। त्यसपछि उपत्यकाका साना होटल, रेस्टुरेन्ट, क्यान्टिनलगायत व्यावसायिक प्रयोजनका स्थानमा तत्काल ग्यास बिक्री-वितरण रोक्ने निर्णय गरिएको छ। यसको मारमा साना व्यवसायीसमेत परेका छन्।

ग्यासको आपूर्ति शृंखला कमजोर हुँदै गएको अवस्थामा चाडपर्वसमेत नजिकिँदै छन्। यस्तो बेला आपूर्ति सहज बनाउने, कालोबजारी तथा कृत्रिम अभाव रोक्ने र उपभोक्ताले पैसा तिरेपछि सहज रूपमा ग्यास पाउने व्यवस्था गर्ने जिम्मेवारी नेपाल आयल निगम र सरकारमाथि छ। तर, अहिलेसम्म उपभोक्ताले लाइन बसेर पनि ग्यास नपाउने अवस्था अन्त्य हुन सकेको छैन।

उद्धारमा...

हुनुहुँदो रहेछ, खोजी कार्यमा सरकारले किन ढिलाइ गऱ्यो ?' उनी प्रश्न गर्छिन्।

श्रीमान् सुरुङभित्रै फसेको पीडासँगै उद्धारमा भएको ढिलाइले आफूलाई आक्रोशित बनाएको उनी बताउँछिन्। चाँडै खोजी भए श्रीमान्को जीवितै उद्धार हुने आशामा उनी छिन्। खोजीका लागि आग्रह गर्दै मीना नेपाली सेना र नेपाल प्रहरीका कार्यालय धाइरहेकी छिन्। 'श्रीमान्को चाँडै खोजी गरिदिनू भन्दै सरकारका निकायमा पुगिसकेका छौं, खोजी गर्छौं भन्छन्, तर १३ दिन बितिसक्यो,' उनले भनिन्। श्यामनारायण साहको खोजीका लागि उनका भाइ प्रभुनारायण सुनसरीबाट काठमाडौं आएका छन्। बेपत्ता भएको १० दिनसम्म पनि कुनै पत्ता नलागेपछि दाइको खोजीका लागि शुक्रबार उनी रसुवा हिँडे। सरकारले सुरुङभित्र फसेकाहरूको उद्धारमा ढिलाइ गरेकोभन्दै उनी आफैं खोजीमा निस्किएका थिए।

रसुवाको सूर्यविनायक गाउँपालिकासम्म पुगेपछि सडक अवरुद्धका कारण उनी फर्किए। अहिले माइतीघर मण्डलाबाट सरकारलाई दबाब दिइरहेका छन्। 'सरकारले सुरुङभित्र बेपत्ता भएकाहरूलाई खोजी गर्न ढिलाइ गऱ्यो, १३ दिन बितिसक्दा पनि हामीलाई आफ्ना मान्छेको कुनै जानकारी छैन,' उनी भन्छन्।

सरकारले सुरुङभित्र बेपत्ता भएकाहरूको खोजीमा लापरबाही गरेको उनको आरोप छ। '१०/१२ दिन बितिसक्दा पनि जीवितै भेटिएका छन्,' उनले भने, 'सरकारले खोजी कार्यमा किन ढिला गऱ्यो ? हामीलाई कि लास चाहियो कि सास चाहियो ?'

पीडित परिवारले ढिलाइ गरेको भन्दै सरकारप्रति आक्रोश पोख्न थालेका छन्। बाढीमा बेपत्ता भएकाका कतिपय आफन्तले कुशको शव बनाएर अन्तिम दाहसंस्कार गरिरहेका थिए। कतिपयले भने आफन्त जीवितै उद्धार हुने आशामा किरियाकर्मसमेत रोकेका छन्।

'सुरुङभित्र खोजी तीव्र छ, धैर्य गर्नुस्'

सरकारले भने सुरुङभित्र खोज तथा उद्धार कार्य जारी रहेको जनाएको छ। सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता डिआइजी नेत्रबहादुर कार्कीका अनुसार सुरुङभित्र खोजी कार्य तीव्र पारिएको छ।

'सशस्त्र प्रहरी, नेपाली सेनासहितको टिमले त्रिशूली ३ 'ए'मा दुईजनाको उद्धार गऱ्यो, एकजनाको शव निकालिसकेका छौं। त्रिशूली ३ 'बी'मा पनि नियमित रूपमा खोज तथा उद्धारको कार्य भइरहेको छ,' उनले भने, 'अन्य सुरुङमा नेपाली सेनालगायतका विज्ञ टोली खटिनुभएको छ।'

खोजी कार्य नसकिएसम्म बेपत्ताका आफन्तले आशा राख्नु स्वाभाविक भएको कार्की बताउँछन्। सुरुङबाट बेपत्ता भएकाहरूको खोजी जारी रहेकाले धैर्य गर्न उनले आफन्तलाई आग्रह गरेका छन्।

'यो एउटा अकल्पनीय विपद् हो। यहाँ बाढी कहिले आउँछ भनेर हाइड्रोपावर बनाउनेले न कहिल्यै सोच्नुभएको थियो, न त हामी सुरक्षा फौजले नै सोचेका थियौं,' उनले भने, 'यति ठुलो चुनौतीसँग सामना गर्ने खालको हामीसँग मानसिक, भौतिक रूपमा तयारी थिएन। भौतिक रूपमा उपलब्ध स्रोतसाधनले हामी रातदिन नभनी नियमित रूपमा लागिरहेका छौं, हाम्रो प्रयास जारी छ।'

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी सहित चीन, भारत र कोरियाका विज्ञ टोलीले माथिल्लो त्रिशूली-१, चिलिमे र रसुवागढी जलविद्युत् आयोजनाको सुरुङ क्षेत्रमा खोज तथा उद्धार कार्य गरिरहेको उनले जानकारी दिए।

सम्पर्कविहिनका परिवारको माइतीघरमा प्रदर्शन

यसैबीच, माथिल्लो त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनामा फसेकाहरूको उद्धार तथा खोजी कार्यलाई प्राथमिकता दिन माग गर्दै आफन्तहरूले माइतीघरमा प्रदर्शन गरेका छन्। सोमबार हाइड्रोमा फसेकाका आफन्तले माइतीघरमा प्रदर्शन गरेका हुन्। उनीहरूले माथिल्लो त्रिशूली-३ 'बी'मा उद्धार तथा खोजी कार्यमा सरकारले चासो नदेखाएको आरोप लगाए। सरकारले आफैं खोजी कार्यमा चासो नदिएको र आफन्तलाई पनि खोजीका लागि जान नदिएको उनीहरूको गुनासो छ। रसुवा बाढीपछि त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनामा कार्यरत १७८ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहीन छन्। बाढीले आयोजनालाई पूर्ण रूपमा क्षति गरेको छ। सरकारले उद्धार तथा खोजीका लागि उक्त आयोजनाको भौतिक संरचना नै पत्ता लगाउन नसकेको र उद्धार कार्य कठिन रहेको बताउँदै आएको छ। तर, पीडितहरूले उद्धारमा कठिनाइ छ भन्दैमा सरकार पन्छिन नमिल्ने बताएका छन्।

प्रभावित परिवारकी सुमना श्रेष्ठ अमात्यले त्रिशूली-३ 'बी'मा कार्यरत कर्मचारी तथा कामदारको खोजी कार्यमा सरकारले तदारुकता नदेखाएको बताइन्। उनका श्रीमान् वरिष्ठ भूगर्भविद् सुमेश अमात्य हाल सम्पर्कविहीन छन्। गृह मन्त्रालयमा गएर पटकपटक ध्यानाकर्षण गराउँदा पनि सरकारले चासो नदिएको उनको आरोप छ। सरकारले हेलिकप्टरबाट उपकरण ओसारेर उद्धार गर्नुपर्नेमा कुटो-कोदालो लिएर पठाएको उनी बताउँछिन्।

सरकारले हराएकाहरू जीवित भए जीवित र नभए शव भए पनि आफन्तलाई उपलब्ध गराउनुपर्ने पीडितहरूको भनाइ छ। हेलिकप्टरलगायत उपयुक्त उपकरण लगेर तत्काल उद्धार कार्यलाई तीव्रता दिन उनीहरूले माग गरेका छन्। बाढी गएको लामो समयसम्म पनि उद्धार हुन नसक्नु सरकारको लाचारीपन भएको पीडितहरूको भनाइ छ।

सुरुङमा १२१ जना मात्रै फसेका छन् : सेना

नेपाली सेनाले रसुवा बाढीका कारण भोटेकोशी तथा त्रिशूली नदी क्षेत्रमा रहेका जलविद्युत् आयोजनाका सुरुङमा १२१ जना मात्रै फसेको बताएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सोमबार आयोजित कार्यक्रममा नेपाली सेनाका सहायक रथी सुवासजंग थापाले उक्त जानकारी दिएका हुन्।

उनका अनुसार, रसुवागढीमा पाँच, लाङटाङमा सात, चिलिमेमा सात, माथिल्लो त्रिशूली-१ मा करिब ५० र त्रिशूली-३ 'ए'मा करिब ४२ गरी करिब १२१ जना सुरुङभित्र रहेका छन्।

त्रिशूली-३ 'बी'मा हराएका सबै व्यक्ति सुरुङभित्र प्रवेश गरेका व्यक्ति नभएको उनले बताए। विभिन्न परियोजनासँग आबद्ध सबै व्यक्ति सुरुङभित्र फसेका हुन् भनेर बुझ्न नहुने सेनाको भनाइ छ। 'परियोजनाहरूबाट टनेललगायत कार्य र सम्पूर्ण हेर्दाखेरि नौ सयको हाराहारीमा सम्पर्कविहीन देखाए पनि त्यो टनेलभित्र फसेका व्यक्ति होइनन्, परियोजनासँग आबद्ध व्यक्तिहरू हुन्,' उनले भने।

नेपाली सेनाले सुरुङमा खोज तथा उद्धार कार्य जारी रहने जनाएको छ।

नयाँ ...

पहल गर्ने प्रतिबद्धता जनाएको महासचिव डाँगीले जानकारी दिए।

संघको तर्फबाट अध्यक्ष खत्रीले मलेसियाको फरेन वर्कर सेन्टर म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा नेपालका २५ वटा वैदेशिक रोजगार व्यवसायी संस्था सूचीकृत रहेको विषयमा महानिर्देशक ढकालको ध्यानाकर्षण गराएका थिए।

जवाफमा महानिर्देशक ढकालले त्यस विषयमा आफूले जिम्मेवारी लिनु अगाडिदेखि नै विभागले आवश्यक जाँचबुझ गरी प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाएकाले त्यसलाई सोही अनुरूप अघि बढाउने प्रतिबद्धता व्यक्त गरे।

महानिर्देशक ढकालले व्यवसायी, श्रमिक र विभागबीच प्रभावकारी समन्वय तथा सहकार्य कायम गर्दै वैदेशिक रोजगार क्षेत्रका विद्यमान समस्या समाधान गरी यस क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र मर्यादित बनाउँदै अगाडि बढ्ने धारणासहितको प्रतिबद्धता पनि व्यक्त गरे। सो अवसरमा संघले विगतमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ट्याक्सी वे निर्माणकार्य सुरु भएपछि अन्तर्राष्ट्रिय उडानमा कतौती भएका कारण सरकारको अनुमति र सहमतिमा नै व्यवसायीहरूले भारतीय विमानस्थल प्रयोग गरी श्रमिक उडाएको भएपनि सो विषयलाई लिएर निवर्तमान महानिर्देशकले गरेको कारबाहीले व्यवसायी समस्यामा परेको विषय पनि उठाएको थियो।

विपत्तिमा परेकालाई राज्यको साथ चाहिएको छ : राष्ट्रपति

काठमाडौं/मस- राष्ट्रपति रामचन्द्र पौडेलले यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित एवं प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र आफ्नो जीविकोपार्जनका आधार खोसिएका नागरिकहरूको पीडा अत्यन्त गहिरो रहेकाले अहिले उनीहरूलाई राज्यको साथ र भरोसा चाहिएको बताएका छन् । उनले पीडितहरूका गुनासा र मागलाई आलोचना नसम्झी समस्या समाधानको संकेतका रूपमा बुझ्न पनि आग्रह गरेका छन् ।

भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा र नुवाकोटका विभिन्न क्षेत्रको स्थलगत अवलोकन गरी राजधानी काठमाडौं फर्केपछि राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले यस्तो बताएका हुन् । राष्ट्रपति पौडेलले बाढीपीडितहरूको उद्धार, खोज, राहत, पुनर्निर्माण र पुनर्स्थापनाका सबै कामलाई अझ प्रभावकारी ढंगले अघि बढाउन सरकारबाट राज्यका स्थानीयलगायत सबै तह, निकाय, संरचना र पक्षसँग आवश्यक समन्वय गरेर काम भइरहेको छ

भन्नेमा आफू विश्वस्त रहेको बताए ।

उनले नेपालीहरू अत्यन्त गहिरो शोक र पीडाबाट गुज्रिरहेको यस कठिन तथा दुःखद् क्षणमा आफू नागरिकहरूमाझ केही भन्न उपस्थित भएको उल्लेख गर्दै यो दुःखको घडीमा आफू पनि सबैको साथमा रहेको बताए ।

प्रभावित क्षेत्रको अवलोकन

नुवाकोट राष्ट्रपति पौडेलले भोटेकोशी बाढी प्रभावित क्षेत्र नुवाकोटको अवस्थाबारे जानकारी लिएका छन् । उनले जिल्ला विपद् व्यवस्थापन समितिबाट बाढी प्रभावित क्षेत्रमा भइरहेको खोज तथा उद्धार, राहत वितरण, होल्डिङ सेन्टर सञ्चालन तथा पुनःस्थापना भइरहेका कार्यको जानकारी लिए । सो अवसरमा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीसहितका समितिका सदस्यले भोटेकोशी बाढीले जिल्लामा पुऱ्याएको धनजनको क्षतिबारे विवरण प्रस्तुत गरेका थिए । त्यसक्रममा प्रमुख जिल्ला अधिकारी रेग्मीले बाढी पीडितको खोज, उद्धार, राहत, पुनर्स्थापना तथा तत्काल निर्माणका सम्बन्धमा भइरहेका कामबारे राष्ट्रपति पौडेललाई अवगत गराएका थिए । राष्ट्रपति पौडेलले विदुर नगरपालिका-२ स्थित कभर्ड हलस्थित होल्डिङ सेन्टरको अवलोकन गरी त्यहाँ रहनुभएका रसुवा र नुवाकोटका बाढी प्रभावितसँग अन्तरक्रिया गरेका थिए । अन्तरक्रियामा बाढी प्रभावित नागरिकले भोटेकोशी नदीमा गएको अकल्पनीय बाढीले पुऱ्याएको धनजनको क्षतिबारे जानकारी गराएका थिए ।

एनआरएनए साउदीद्वारा १४ लाख ६६ हजार ९७५ रुपैयाँ सहयोग

साउदी अरब/मस- नेपालमा हालै आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा सहयोगका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए), राष्ट्रिय समन्वय परिषद् साउदी अरबले १४ लाख ६६ हजार ९७५ रुपैयाँ सहयोग गरेको छ । एनआरएनए साउदी अरबले बाढीबाट ठुलो जनधनको क्षति भएपछि विपत्तिको समयमा साउदी अरबमा रहेका नेपाली समुदाय, विभिन्न संघसंस्था, व्यक्ति तथा शुभेच्छुकहरूबाट संकलन गरिएको रकम प्रधानमन्त्री राहत कोष र एनआरएनए आकस्मिक राहत कोषमा जम्मा गरिएको हो ।

एनआरएनए साउदी अरबले सहयोग अभियानमा आर्थिक तथा नैतिक रूपमा साथ दिने सम्पूर्ण नेपाली समुदाय, संघसंस्था, व्यवसायी, समाजसेवी तथा शुभचिन्तकप्रति हार्दिक धन्यवाद व्यक्त गरेको छ । संघले सहयोग रकमभन्दा पनि विपत्तिमा देखाइएको सद्भाव, मानवीय संवेदना र नेपाली-नेपालीबीचको एकता महत्त्वपूर्ण रहेको जनाएको छ । यस्तो सहयोगले बाढीपीडित परिवारलाई राहत तथा पुनर्स्थापनाका लागि ठुलो हौसला पुग्ने विश्वाससमेत व्यक्त गरिएको छ । यसैबीच, बाढी तथा प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने सम्पूर्णप्रति एनआरएनए साउदी अरबले हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेको छ । घाइते तथा प्रभावितहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै विस्थापित परिवारहरूको सुरक्षित तथा सम्मानजनक पुनर्स्थापनाका लागि आवश्यक पहल गर्न सम्बन्धित निकायसँग आग्रहसमेत गरेको छ । एनआरएनए साउदी अरबका प्रवक्ता महेश घिमिरेले आगामी दिनमा पनि विपत्तिमा परेका नेपालीहरूको सहयोग र मानवीय सेवाका लागि निरन्तर साथ र सहकार्यको अपेक्षा गरिएको बताएका छन् ।

नबिल बैंक लिमिटेड, कंचनवारी शाखा, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति: २०८३/०५/२३)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०१/२६ को कारोवार दैनीक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा कंचनवारी शाखा, मोरङ्ग**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, विराटनगरमा मिति २०७५/०५/०४ मा प्रा.फ.र.नं. ३१३०५/०७५/७६, स्थानीय व्यापार तथा भारत आयात अन्तर्गत दर्ता भएको **बियानी एण्ड ब्रोदर्स** ।
ठेगानाः मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०७, हाटखोला ।

ऋणी फर्मका प्रोप्राइटरः
रतन लाल बियानीको नाति, शुसिल कुमार बियानीको छोरा, मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १० स्थायी घर भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०१ बस्ने ना.प्र.नं. ०५-०१-७१-२६५३२ (जारी मितिः २०७१/०२/२२, स्थान मोरङ्ग) भएको **नारायण बियानी** ।

व्यक्तिगत जमानतकर्ताको विवरण

विष्णु बहादुर भण्डारीकी छोरी, शुसिल कुमार बियानीकी बुहारी, नारायण बियानीकी श्रीमती सिन्धुपाल्चोक जिल्ला, बाह्रबिसे उ.म.न.पा. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०१ बस्ने ना.प्र.नं. २४-१७-७४/२८७ (जारी मितिः २०७४/०४/३०, स्थान सिन्धुपाल्चोक) भएकी **अप्सरा भण्डारी** ।

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरणः
मोरङ्ग जिल्ला, बिराटनगर उ.म.न.पा. वडा नं. १० स्थायी घर भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०१ बस्ने, **नारायण बियानी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला दुहवी न.पा. वडा नं. ०१ नक्सा सिट नं. १क मा अवस्थित कि.नं. ५६२ क्षेत्रफल ०-९-२-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

धितोमा रहेको सवारी साधनको विवरणः
ऋणी **बियानी एण्ड ब्रोदर्स** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश १-०२-००२ च ५३८१ भएको TATA NEXON XM (S)

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कंचनवारी शाखा, मोरङ्ग**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०५/२९ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कंचनवारी शाखा, मोरङ्ग**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/३० गते ४:०० बजे बैंकको **कंचनवारी शाखा, मोरङ्गमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कंचनवारी शाखा, मोरङ्गमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

गोप्य शिलबन्दी बोलपत्रद्वारा गैर बैंकिङ सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/२३ गते
सूचना नं : ११-०८३/०८४

यस संघको आफ्नो स्वामित्वमा रहेको उल्लेखित गैर बैंकिङ सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा, सहकारी ऐन नियमावली तथा प्रचलित कानून बमोजिम गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने हुँदा सो सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/संस्थाबाट तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत तोकिएको समय अवधिभित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं	जिल्ला	गा.वि.स./न.पा./ वडा नं.	नक्सा सिट नं.	कित्ता नं	क्षेत्रफल (ब.मि.)	गैर बैंकिङ सम्पत्तिको किसिम
१	काठमाण्डौ	गोंगबू-५	१०२०९८५१२	४५	२१५.००	घर/जग्गा
२	काभ्रेपलाञ्चोक	बनेपा नपा-५	५	२२९६	१२५.५३	घर/जग्गा

शर्तहरु

१. बोलपत्र फाराम यस संघको केन्द्रीय कार्यालय, सदस्य सेवा कार्यालय वा सेवा केन्द्रहरुबाट रु. २,०००/- (अक्षेरुपी दुई हजार) मात्र फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी बोलपत्र पेश गर्न पाइने छैन ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रीय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१०००००३०५ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संघको केन्द्रीय कार्यालय, सम्बन्धित सदस्य सेवा कार्यालय र सेवा केन्द्रमा कार्यालय समय भित्र सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ । साथै तोकिएको अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको बोलपत्रकर्ताले बोलपत्र खोलिएको ३५ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूँजीगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित मितिले ८औं दिन बोलपत्र खोलिने बारे जानकारी गराइनेछ ।
९. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन ।
१०. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने वा बिक्री वितरण वा नामसारी गर्ने अधिकार संघमा निहित हुनेछ ।

शिलबन्दी बोलपत्र बुझाउने कार्यालयहरु : केन्द्रीय कार्यालय, सम्पूर्ण सदस्य सेवा कार्यालयहरु र सेवा केन्द्रहरु (नेफ्स्कून)
शिलबन्दी बोलपत्र बुझाउने अन्तिम मिति : २०८३/०५/२९ गते कार्यालय समयभित्र
शिलबन्दी बोलपत्र खोलिने स्थान : संघको केन्द्रीय कार्यालय, मिनभवन, काठमाडौं

नेफ्स्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
केन्द्रीय कार्यालय, मीनभवन, काठमाडौं, फोन नं. ०१-४७९१९६३, ४७९०२०१, इमेलः nefscun@nefscun.org.np

जापानमा रोजगार

कम्पनी : WAKAYAMA LIFE CARE COOPERATIVE — शहर : JAPAN
पूर्व स्वीकृत मितिः २०८३/०५/२१ — चलानी नं.: ६०२६०८१० — Lt. No.: 347598

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	मासिक तलब JapaneseYEN	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Technical Intern worker	2	215000	२,०८,५५०	क.नि. अनुसार	८ घण्टा	५ दिन	क.नि. अनुसार	छ	छैन	३ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।
१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : १०,०००
३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
टोखा १०, सामाखुसी, काठमाडौं, नेपाल फोनः ४९५१७३२, ४९६५८२६,
श्रम इजाजत नं. ८६४/०६६/०६७
Kamal Prasad Jaisi Contact No : 9801224522, E-mail: info@blueocean.com.np, Web: www.blueocean.com.np
CERTIFIED ISO 9001:2015

ओमनमा रोजगार

कम्पनीः TIRE COMMUNICATIONS AND OPTICAL FIBERS SPC — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८३/०५/२१ — चलानी नं.: ६०२६०७९४ — L.T. No.: 347551

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Mason, Bricks	20	0	सम्बन्धित काममा दक्ष	120	४७,०२६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Stone Mason	10	0		120	४७,०२६							
3.	General Buildings Joiner	10	0		120	४७,०२६							
4.	Reinforced Building Smith	10	0		120	४७,०२६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FLYING OVERSEAS PVT.LTD
Govt. Lic No.: 1827/082/083
Gopi Krishna Marga, Chabahil-7, Kathmandu, Nepal, Phone : +977-01-5929279, 5929249,
Ajay Kumar Rajak Contact No : 9768528899, Email: flyingoverseas432@gmail.com,
info@flyingoverseasnepal.com, Web: www.flyingoverseasnepal.com

HIMALAYAN EVEREST WATER PVT. LTD.
JOB VACANCY ANNOUNCEMENT (URENT)

Himalayan Everest Water invites applications from qualified, experienced, and highly motivated professionals for the following position in its water production and manufacturing operations.

Senior Architectural Engineer - 1 Position

Essential Requirements :
Education : Bachelor's degree or above in Architecture, Architectural Engineering.
Professional Experience : Minimum 10 years of relevant professional experience in architectural design, construction of industrial projects.
Technical Skills : Strong technical knowledge and practical expertise in architectural planning, design, construction supervision, project coordination, plant infrastructure and related technical works.
Language Skills : Must be in both Japanese and English, with effective written and spoken communication skills including technical communication in Japanese.

Industry Knowledge :
Sound knowledge of industrial building design, construction standards, plant infrastructure, and engineering requirements applicable to manufacturing facilities. Preference will be given to candidates with experience in the design, construction, development, or management of large-scale packaged drinking water bottling and manufacturing plants with an annual production capacity of **3 crore** litres or above, or other comparable large-scale industrial manufacturing facilities.

Core Competencies
- Strong communication and interpersonal skills.
- Leadership and teamwork abilities.
- Analytical thinking and problem-solving skills.
- Effective decision-making and project management capabilities.
- Ability to work effectively in a professional and industrial environment.

Other Requirements :-
Relevant professional certifications or licenses, willingness to travel when required, flexibility, and the ability to perform responsibilities associated with the position.

Salary : Negotiable
How to Apply : Interested and qualified candidates are requested to submit their updated Curriculum Vitae (CV), academic certificates, experience certificates, and other relevant documents via email.
Email : heverestwater@gmail.com

Application Period
From : 9 September 2026
Application Deadline : 30 September 2026
Only shortlisted candidates will be contacted for the further selection process.

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६६।०५।३० मा दर्ता भएको **प्रा.लि. नं. ६६२१६** को **साईबर जङ्सन एण्ड स्टेश्नरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०६/०१ मा दर्ता भएको **प्रा.लि. नं. २४२०९४** को **माता मालारानी इन्टरप्राइजेज प्रा.लि.**को मिति २०८३/०५/२२ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
लिक्विडेटरः नारायण प्रसाद शर्मा, इजाजतपत्र नं. ४४१, फोन. ९८५११२८५२०

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/२३
यस कम्पनीको मिति २०८३।०४।२६ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **पाणिनी इन्टरप्राइजेज प्रा.लि. (दर्ता नं. ७६९६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०४।२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पाणिनी रियलस्टेट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/२३
यस कम्पनीको मिति २०८३।०४।२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **नेचर इन्फोटेक सोलुसन प्रा.लि. (दर्ता नं. २१५२१४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **थर्ड पोल टेक्नोलोजी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

मूल्य सुची

H.K. Traders Pvt. Ltd. द्वारा बिक्री वितरण गरिदै आएको निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।
तपसिल

Osmo MRP Sheet

SN	Items	MPR
1	Osmo Range Hood-Inferno	29,700.00
2	Osmo Range Hood-Ventura	34,700.00
3	Osmo Range Hood-Vatik	16,370.00

H.K. Traders Pvt. Ltd.,
Maharajgunj, Kathmandu
Contact Number: 9851014194
स्थायी लेखा नं. 602397339
आयात निर्यात संकेत नं. 6023973390102NP

मूल्य सुची

H.K. Traders Pvt. Ltd. द्वारा बिक्री वितरण गरिदै आएको निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।
तपसिल

ROBAM MRP Sheet

SN	Items	MPR
1	Robam Range HoodCXW-200-A8320	86,000.00
2	Robam Range HoodCXW-260-57H1S	135,000.00
3	Robam Range HoodCXW-260-58H2S	139,300.00
4	Robam Range Hood-CXW-220-A862	75,500.00
5	Robam Range Hood-CXW-200-A829	93,700.00
6	Robam Range Hood-CXW-260-85H1	56,800.00
7	Robam Range Hood-CXW-260-76H1S	102,700.00
8	Robam Range Hood-CXW-200-9100	253,500.00
9	Robam HobJZY-9B6H02	55,850.00
10	Robam HobJZD-7W6H40	83,600.00
11	Robam HobJZD-9W6H50	128,900.00
12	Robam Hob-JZY-B272	39,500.00
13	Robam Hob-JZY-G370	57,600.00
14	Robam Hob-JZY-ZG730B	54,300.00
15	Robam Hob-JZY-ZG830B	55,850.00
16	Robam Hob-JZY-9B6H30	71,700.00
17	Robam Hob-JZY-9B6H41	82,200.00
18	Robam Hob-JZY-9B7H31F	135,250.00
19	Robam Oven-KQWS-2800-R306	113,000.00
20	Robam Oven-KQWS-2800-R312	130,500.00
21	Robam Combi Oven-KZQC-40-CQ751	171,850.00
22	Robam Combi Oven-ZKQS-49-CQ767	175,400.00
23	Robam Dishwasher- W653	163,000.00

H.K. Traders Pvt. Ltd.,
Maharajgunj, Kathmandu
Contact Number: 9851014194
स्थायी लेखा नं. 602397339
आयात निर्यात संकेत नं. 6023973390102NP

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

उथलपुथलको वर्ष

जेनजी आन्दोलन भएको एक वर्ष पूरा भएको छ । एक वर्षको यो अवधि नेपालको राजनीतिमा ठुलो उथलपुथल भएको छ । सडकबाट उठेको असन्तोषले सरकार परिवर्तन गऱ्यो । पुराना राजनीतिक शक्तिको वर्चस्व कमजोर बनायो र नयाँ पुस्तालाई राज्य सञ्चालनको केन्द्रमा पुऱ्यायो । तर सत्ता परिवर्तनसँगै आन्दोलनले उठाएका सबै प्रश्नको समाधान भएको छैन । आन्दोलनको मूल भावना सुशासन, भ्रष्टाचार नियन्त्रण, अवसरमा समान पहुँच, रोजगारी र राज्यप्रति जवाफदेहितासँग जोडिएको थियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध तत्कालीन आक्रोशको कारण बने पनि त्यसले लामो समयदेखि थुप्रिएका राजनीतिक र सामाजिक असन्तोषलाई सतहमा ल्याइदियो । त्यसैले आन्दोलनलाई एउटा निर्णयविरूद्धको विरोधका रूपमा बुझ्नु अधुरो हुन्छ ।

एक वर्षमा महत्त्वपूर्ण राजनीतिक परिवर्तन भएका छन् । संसद् र सरकारमा नयाँ पुस्ता हावी भएको छ । सडकको आवाज मतमा रूपान्तरण भएको छ । पुस्तान्तरण र राजनीतिक उत्तरदायित्वबारे बहस बलियो भएको छ । यो परिवर्तनलाई सकारात्मक उपलब्धिका रूपमा लिनुपर्छ ।

तर परिवर्तनको वास्तविक मूल्यांकन परिणामबाट हुन्छ । सरकारी सेवा अझै कति सहज भयो ? भ्रष्टाचार नियन्त्रणमा कति प्रगति भयो ? युवाका लागि रोजगारीका अवसर कति बढे ? बिदेसिनुपर्ने बाध्यता घट्यो कि घटेन ? सार्वजनिक नियुक्तिमा योग्यता र पारदर्शिता कायम भयो ? ठेक्का र सार्वजनिक खरिदमा सुधार आयो ? यी प्रश्नको जवाफ अझै अस्पष्ट नै छ ।

आन्दोलनका क्रममा राज्यबाट भएको चरम बल प्रयोग र त्यसपछि भएका विध्वंसात्मक हिंसा, तोडफोड तथा लुटपाट दुवैको निष्पक्ष छानबिन र कानुनी जवाफदेहिता आवश्यक छ । भदौ २३ र २४ का घटनाको छानबिनका लागि बनेको जाँचबुझ आयोग र राष्ट्रिय मानवअधिकार आयोगले प्रतिवेदन बुझाइसकेका छन् । त्यस्ता प्रतिवेदन कार्यान्वयनमा ढिलाइ हुनु पीडितप्रतिको अन्याय मात्र होइन, भविष्यका लागि गलत नजिर पनि हो । तर, प्रतिवेदन नै विवादमा तानिँदा पीडितले न्याय पाउने र दोषीमाथि कारबाही हुने विषय छायामा परेको छ । सहिद परिवार र घाइतेका राहत, उपचार, शिक्षा, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी प्रतिबद्धता पनि व्यवहारमै पूरा हुनुपर्छ ।

जेनजी आन्दोलनले सत्ता बदल्ने शक्ति देखायो । अब शासन गर्ने शैली बदल्ने चुनौती नयाँ नेतृत्वसामु छ । प्रधानमन्त्री र मन्त्री फेरिँदैमा राज्यको पुरानो कार्यशैली फेरिँदैन । प्रशासनिक संस्कार, राजनीतिक संरक्षण, कमजोर जवाफदेहिता र अपारदर्शी अभ्यास बदल्न संस्थागत सुधार आवश्यक छ । एक वर्ष उपलब्धि र आशा दुवैको समय हो । तर आन्दोलनले उठाएका प्रश्न भने जीवितै छन् । अब सरकारको परीक्षा नाराले होइन, जनताको दैनिक जीवनमा देखिने परिवर्तनले हुनेछ । नेतृत्व बदलिएको छ, अब शासनसत्ताको ढर्रा बदलिनुपर्छ ।

प्रशासनिक संघीयतामा गर्नुपर्ने सुधार

प्रशासनिक संघीयताको फितलो कार्यान्वयन, आवश्यक कानुनको अभाव र केन्द्रीकृत मानसिकताले स्थानीय तहमा सुशासन र सेवा प्रवाहलाई अन्योलग्रस्त बनाएको छ । वित्तीय अनुशासनहीनता, कर्मचारीमाथिको असुरक्षा तथा सरुवा प्रणालीमा व्याप्त जटिलतालाई चिर्न अन्तर्राष्ट्रिय अभ्यासअनुरुप संघीय निजामती ऐन, प्रविधिमा आधारित स्वचालित सरुवा र एकीकृत वृत्तिविकासको प्रणाली तत्काल लागू गर्नु अपरिहार्य छ ।

अग्रलेख

● डा. सुनील आचार्य

नेपालको संविधान जारी भई मुलुक संघीय शासन प्रणालीमा प्रवेश गरेको एक दशक पुग्न लाग्दा पनि प्रशासनिक संघीयता पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । राजनीतिक र वित्तीय संघीयतालाई गतिशील बनाउने मुख्य संवाहक प्रशासनिक संघीयता नै भए पनि नीतिगत अस्पष्टता, केन्द्रीकृत मानसिकता र कानुन निर्माणमा भएको ढिलाइले यसलाई चौतर्फी रूपमा संकटग्रस्त बनाएको छ । हाल संघीयता कार्यान्वयनसँग प्रत्यक्ष जोडिएका १८१ वटा कानुन तर्जुमा हुन बाँकी नै छन् । छाता कानुनको अभावमा प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह र कर्मचारी प्रशासन पूर्ण रूपमा अन्योलग्रस्त छ । कर्मचारी समायोजन ऐन, २०७५ ले गरेको व्यवस्था वैज्ञानिक हुन नसक्दा सिर्जना भएको उत्प्रेरणाको कमी र प्रशासनिक अन्योल अझै व्यवस्थापन हुन सकेको छैन । हचुवा र मापदण्डविपरीत गरिने राजनीतिक सरुवाले प्रशासनिक स्थिरता खलबल्याएको छ । शासकीय मूल्यप्रणालीमा परिवर्तन आउन नसक्दा कर्मचारीको मनोबल खस्किएको छ भने संघ, प्रदेश र स्थानीय तहबीच अस्वस्थ प्रतिस्पर्धा बढेको देखिन्छ ।

यही प्रशासनिक अन्योलका बीच स्थानीय तहमा वित्तीय अनुशासनहीनता चुलिँदै गएको तथ्य महालेखा परीक्षकको ६३औं प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनअनुसार अन्तिम लेखापरीक्षण सम्पन्न गरिए पनि आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणमा ३२७ वटा स्थानीय तह पूर्णतः असफल देखिएका छन् । स्थानीय तहमा संस्थागत सुशासन कति कमजोर छ भन्ने कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुने कुल उजुरीमध्ये ५२ प्रतिशतभन्दा बढी हिस्सा स्थानीय तहसँग मात्रै सम्बन्धित हुनुले पनि पुष्टि गर्दछ । कार्यसम्पन्न नभएका वा गुणस्तरहीन योजनालाई जबरजस्ती पास गर्न र भुक्तानी दिन कर्मचारीलाई आउने राजनीतिक दबाब तथा उपभोक्ता समितिमा दलका कार्यकर्ताको बाहुल्यताले यो संकटलाई थप गहिरो बनाएको छ ।

स्थानीय तहहरूमा वित्तीय अनुशासन कायम गर्न र भ्रष्टाचार रोक्न खोज्दा राष्ट्रसेवक कर्मचारीमाथि गम्भीर मानवीय जोखिम, धम्की र कार्यकक्षमै कुटपिट भएका अनेकौं घटना घटेका छन् । पर्साको कालिकामाई गाउँपालिकामा योजनाको भुक्तानी विवादलाई लिएर कार्यपालिका बैठक चलिरहेकै समयमा प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीमाथि हातपात भएपछि वडाध्यक्ष नै प्रहरीबाट पक्राउ परेका थिए । रामेछापको खाँडादेवी गाउँपालिकामा प्राविधिक मूल्यांकन र बजेट फर्स्यौटको विषयमा नियमसंगत अडान लिँदा दुर्व्यवहारमा परेर प्राविधिक कर्मचारीहरूले सामूहिक राजीनामा बुझाए । भोजपुर नगरपालिकामा पनि आयोजना तथा आन्तरिक व्यवस्थापनलाई लिएर जनप्रतिनिधि र कर्मचारीबीच भौतिक हातपात भएको थियो ।

चितवनको इच्छाकामना गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतमाथि कार्यकक्षमै असन्तुष्ट समूहबाट कुटपिट गरियो भने रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतमाथि सांघातिक आक्रमण भयो । पर्सामा त कर्मचारी कुटिएकै विरोधमा १३ वटै स्थानीय तहका कर्मचारीले पेन-डाउन गरे । कुटपिट र धम्की दिनेलाई मिल्ने राजनीतिक संरक्षणका कारण दण्डहीनता बढेको छ, जसले सेवा प्रवाहमा गम्भीर असर पारेको छ । कडा कानुनी कारबाहीसहित कार्यस्थल सुरक्षा ग्यारेन्टी लागू गर्न नसक्दा स्थानीय तहका कर्मचारीको मनोबल कमजोर बनेको हो ।

स्थानीय तहको जनशक्ति व्यवस्थापन, कर्मचारीको सरुवा-बढुवा र एक प्रदेशबाट अर्को प्रदेशमा हुने स्थानान्तरणमा देखिएको नीतिगत अन्योल वर्तमान प्रशासनको सबैभन्दा कमजोर कडी हो । 'संघीय निजामती सेवा ऐन' लामो समयसम्म जारी हुन नसक्दा प्रदेश र स्थानीय सेवा ऐनहरूमा एकरूपता आउन सकेको छैन । स्थानीय तहलाई संविधानले कार्यमूलक स्वतन्त्रता दिए पनि प्रमुख प्रशासकीय अधिकृत संघीय मन्त्रालयले खटाउने व्यवस्थाका कारण संघको कसिलो नियन्त्रण कायम छ । यसले गर्दा प्रमुख प्रशासकीय अधिकृतहरूको बारम्बार सरुवा भई स्थानीय तह स्थायित्वभन्दा आउने, पर्खिने र फड्किने थलो बनेको छ । सुगमता र व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिने प्रवृत्तिले सार्वजनिक स्रोतको दुरुपयोग बढाएको छ । स्थानीय तहको प्रशासन परिणाममुखी हुनुको सट्टा सरुवा र सुविधातर्फ आकर्षित भएको छ ।

स्थानीय तहको जनशक्ति व्यवस्थापनमा भौगोलिक असन्तुलन मुख्य चुनौती हो । काठमाडौं उपत्यका र सुगम जिल्लाका पालिकाहरूमा दरबन्दीभन्दा बढी कर्मचारी रहने, तर कर्णाली र सुदूरपश्चिमका पालिकाहरू बसौंदेखि कर्मचारीविहीन वा निमित्तको भरमा चल्नुपर्ने स्थिति छ । प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपूर्ति हुन नसक्दा र संघले समयमै जनशक्ति नखटाउँदा स्थानीय तहले दबाबका आधारमा ठुलो संख्यामा करार तथा ज्यालादारीमा जनशक्ति नियुक्त गर्ने प्रवृत्ति बढेको छ । यसले प्रशासनिक व्यावसायिकता कमजोर बनाएको छ । साथै, एउटै पालिकामा संघ, प्रदेश र स्थानीय तह आफैंले भर्ना गरेका गरी विविध थरीका कर्मचारी रहँदा उनीहरूको सेवा-सुविधा र मर्यादाक्रममा भिन्नता भई आन्तरिक द्वन्द्व चुलिएको छ ।

स्थानीय तहका कर्मचारीको एक प्रदेशबाट अर्को प्रदेशमा हुने सरुवा प्रणाली सबैभन्दा विकृत बनेको छ । हाल अन्तर-प्रदेश सरुवाका लागि साविक र गन्तव्य पालिका, दुवै प्रदेशका मुख्यमन्त्री कार्यालय र संघीय मन्त्रालयको स्वीकृति गरी 'पाँच चरणीय सहमति' पार गर्नुपर्छ । यो व्यवस्था व्यवहारमा प्रशासनिक सामन्तवाद र राजनीतिक सौदाबाजीको अखडा बनेको छ । पालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले व्यक्तिगत पूर्वाग्रहका आधारमा सहमति नदिँदा सक्षम कर्मचारी दुर्गममा बन्धक बन्नुपरेको छ भने पहुँचवालाले सेटिङका आधारमा सुगममा सरुवा लिने गरेका छन् ।

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने संघीय मुलुकहरूले कर्मचारी व्यवस्थापनलाई वैज्ञानिक बनाएका छन् । क्यानडा र दक्षिण अफ्रिकामा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय हस्तक्षेपविना विशुद्ध स्थानीय सेवाकै हुन्छन् । अस्ट्रेलिया र क्यानडामा कर्मचारीले फरक राज्यको खुला विज्ञापनमा प्रतिस्पर्धा गर्दा अघिल्लो अनुभव र अवकाश कोष स्वतः स्थानान्तरण हुन्छ । जर्मनीमा केन्द्रद्वारा योग्यता र आवश्यकताको मूल्यांकन गरी प्रणालीले स्वतः सरुवा तय गर्छ । भारतमा निश्चित मानवीय आधारमा मात्र अन्तर-कडर सरुवा हुन्छ वा कर्मचारीहरू काजमा अर्को राज्यमा जान सक्छन् ।

नेपालमा स्थानीय तहका कर्मचारी आफ्नै सेवाभित्र खुम्चिनुपर्ने बाध्यता छ । तर अमेरिकी संघीयतामा योग्यता र अनुभवको अन्तर-तहगत मान्यताले गर्दा वृत्ति विकासमा अवरोध हुँदैन । चीनमा सम्पूर्ण मुलुकमा एउटै 'एकीकृत कडर प्रणाली' लागू गरिएको छ, जहाँ तल्लो तहका उत्कृष्ट कर्मचारी स्वतः माथिल्लो ओहोदामा पदोन्नति वा स्थानान्तरण हुन्छन् । पाकिस्तानमा स्थानीय तहका कर्मचारीका लागि संघीय लोकसेवा आयोगले लिने परीक्षाहरूको ढोका खुला छ । बंगलादेशमा अनुभवी जनशक्तिलाई आकर्षित गर्न निश्चित कोटा र उमेर हदमा सहुलियत दिने नीति छ । भुटानमा सम्पूर्ण देशको प्रशासन एउटै 'शाही निजामती सेवा आयोग' ले चलाउँछ र स्थानीय स्तरमा खटिएका कर्मचारी निश्चित अवधिपछि स्वतः केन्द्र वा मन्त्रालयहरूमा सरुवा-बढुवा हुन्छन् । जापानमा 'कर्मचारी आदानप्रदान कार्यक्रम'मार्फत स्थानीय सेवाका जनशक्ति केन्द्रमा काजमा गएर काम गर्ने पारदर्शी पद्धति छ ।

अन्तर्राष्ट्रिय अभ्यासबाट सिक्दै अब बन्ने संघीय निजामती सेवा ऐनले रणनीतिक सुधारका मार्गचित्र कोर्नु अनिवार्य छ । नेपालले संघीय वा प्रादेशिक लोक सेवा आयोगको माथिल्लो तहको परीक्षामा स्थानीय सेवाका कर्मचारीका लागि 'अन्तर-सेवा आन्तरिक प्रतिस्पर्धा'को विशेष कोटा सुनिश्चित गर्नुपर्छ । संघ वा प्रदेशको माथिल्लो पदमा बढुवा हुन 'स्थानीय तहमा अनिवार्य सेवा गरेको हुनुपर्ने' नियम बनाएमा संघका कर्मचारी दुर्गममा जान डराउने र स्थानीयका कर्मचारी हेपिने परिपाटीको अन्त हुन्छ । स्थानीय तहका जनशक्तिलाई वृत्तिविकासको राष्ट्रिय साङ्लोमा जोड्दै पेन्सन, उपदान र ज्येष्ठताको निरन्तरता सुरक्षित गरी 'उर्ध्वगामी गतिशीलता' को ढोका खोल्नु नै नेपालको प्रशासनिक संघीयतालाई बलियो बनाउने निकास हो ।

प्रशासनिक संघीयतालाई सही मार्गमा ल्याउन संघीय निजामती सेवा ऐन तत्काल जारी गरी मार्गदर्शक कानुनी ढाँचा तयार गरिनुपर्छ । दोहोरोपना भएका संरचना खारेज गरी ओ एन्ड एम (इ७ः) सर्वेक्षणका आधारमा मात्र नयाँ संरचना बनाइनुपर्छ । मुख्य सचिवको संयोजकत्वमा रहेको प्रशासनिक समन्वय समितिलाई अधिकारसम्पन्न बनाइनुपर्छ । सरुवा प्रणालीलाई प्रविधिमा आधारित, स्वचालित र पूर्वानुमानयोग्य बनाउँदै कम्तीमा दुई वर्ष एउटै कार्यथलोमा काम गर्ने वातावरण मिलाउनुपर्छ ।

राजनीतिक सहमति लिने भन्झन्झटिलो प्रथा खारेज गरी एकीकृत सफ्टवेयर बनाई अंक प्रणालीका आधारमा स्वचालित सरुवा हुने ग्यारेन्टी गरिनुपर्छ । दुई फरक प्रदेशका कर्मचारीहरू आपसी समझदारीमा साटिन चाहेमा 'म्युचुअल एक्सचेन्ज'को प्रक्रिया सफ्टवेयरबाटै स्वीकृत गर्ने व्यवस्था हुनुपर्छ । प्रदेश लोकसेवा आयोगहरूले राष्ट्रिय स्तरको साझा पाठ्यक्रम र परीक्षा प्रणाली अपनाउनुपर्छ । स्थानीय तहका कर्मचारीलाई कानुनी कारबाहीसहित कार्यस्थल सुरक्षाको ग्यारेन्टी गरिनुपर्छ । साथै, एकीकृत ई-गभर्नेन्स प्लेटफर्मको विकास गरी तीनै तहका सरकारबाट समान तथ्यांकको प्रयोग गर्ने परिपाटी बसाल्नु आजको अनिवार्य आवश्यकता हो ।

(मधेश प्रदेशका उपसचिव डा.आचार्यले प्राचीन करनीतिका आधारमा आधुनिक नेपालको गैरकर राजस्वनीतिमा विद्यावारिधि गरेका छन् ।)

विपद्‌ले बिथोलेको बालमनोविज्ञान

बालअधिकार

● आरपी गैरे

विपद्‌ले भौतिक संरचना मात्र होइन, बालबालिकाको बाल्यकाल र मानसिक संसार पनि भत्काउँछ । भौतिक पुनर्निर्माणसँगै उनीहरूको मनभित्रको डर हटाउनु, शिक्षाको निरन्तरता सुनिश्चित गर्नु, शोषणबाट जोगाउनु र बालमैत्री वातावरण बनाउनु उत्तिकै जरुरी छ । बालबालिकालाई फेरि निडर भएर हाँस्न सक्ने बनाउनु नै विपद् व्यवस्थापनको वास्तविक सफलता हो ।

विपद्‌ले भौतिक संरचना मात्र होइन, बालबालिकाको बाल्यकाल र मानसिक संसार पनि भत्काउँछ । भौतिक पुनर्निर्माणसँगै उनीहरूको मनभित्रको डर हटाउनु, शिक्षाको निरन्तरता सुनिश्चित गर्नु, शोषणबाट जोगाउनु र बालमैत्री वातावरण बनाउनु उत्तिकै जरुरी छ । बालबालिकालाई फेरि निडर भएर हाँस्न सक्ने बनाउनु नै विपद् व्यवस्थापनको वास्तविक सफलता हो ।

विपद्‌को सबैभन्दा गहिरो चोट सधैं आँखाले देखिँदैन । भत्किएको घर, बगेको सडक र खेतमा थुप्रिएको ढुंगा-माटो सजिलै देखिन्छ, तर बालबालिकाको मनभित्र भत्किएको संसार देखिँदैन । भोटेकोशी बाढीजस्ता प्राकृतिक विपद्‌ले धेरै परिवारलाई क्षणभरमै उजाड बनाएको छ । कतिपय बालबालिकाले आफ्ना आमाबाबु, आफन्त वा साथी गुमाएका छन् भने कसैले घर, विद्यालय, किताब र खेल्ने ठाउँ । उनीहरू शारीरिक रूपमा बाँचेर सुरक्षित ठाउँमा पुगेका भए पनि उनीहरूको बाल्यकाल भने त्यही बाढीको भेलमा छुटेको हुन सक्छ ।

वयस्क मानिसले विपद्‌लाई एउटा भयावह घटनाका रूपमा बुझेर शब्दमा ढाल्न सक्छ । तर साना बालबालिकाका लागि यसको अर्थ यति सरल हुँदैन । उनीहरूले देखेको वीभत्स दृश्य मनमा गहिरो छाप बनेर बस्छ । रातको समयमा नदीको आवाज, पानी पर्दाको दृश्य वा ठुलो शब्द सुन्दा पुरानो त्रास फर्किन सक्छ । अभिभावक केही समयका लागि आँखाबाट ओझेल पर्दा पनि सधैंका लागि हराउने हुन् कि भन्ने भय पैदा हुन्छ । यस्तो मानसिक असर तत्काल नदेखिए पनि लामो समयसम्म रहिरहन्छ ।

सबैभन्दा गम्भीर अवस्था आफ्नै आँखाअगाडि परिवारका सदस्य गुमाएका बालबालिकाको हुन्छ । मृत्युको अर्थ पूर्ण रूपमा नबुझे पनि उनीहरूले आफ्नो मान्छे अब कहिल्यै फर्केर आउँदैन भन्ने खालीपन गहिरोसँग महसुस गर्छन् । यस्तो अवस्थामा बच्चालाई 'नरोऊ, सबै ठीक हुन्छ' भनेर मात्र पुग्दैन । उनीहरूको मनमा उठिरहेका प्रश्न सुन्नुपर्छ, रोउन र डर व्यक्त गर्न दिनुपर्छ । उसले भोगेको पीडा सुरक्षित वातावरणमा व्यक्त गर्न पाउने अवसर दिनु अनिवार्य हुन्छ ।

अस्थायी शिविर वा होल्डिङ सेन्टरमा बसेका बालबालिकाको शारीरिक सुरक्षासँगै मानसिक अवस्थालाई पनि ध्यानपूर्वक नियाल्नुपर्छ । कुनै बच्चा असामान्य रूपमा चुपचाप बस्नु, अत्यधिक रुनु, आक्रामक हुनु, खाना नखानु वा निदाउन नसक्नु मानसिक आघातका स्पष्ट संकेत हुन् । त्यसैले राहत सामग्रीसँगै मनोसामाजिक सहयोग पनि प्रभावित क्षेत्रमा पुऱ्याउनुपर्छ ।

एआई

बालबालिकाका लागि सुरक्षित र बालमैत्री स्थान निर्माण गरी उनीहरूलाई खेल्न, चित्र बनाउन र आफ्ना भावना व्यक्त गर्न दिनुपर्छ । खेल मनोरञ्जन मात्र नभई भावनात्मक अभिव्यक्तिको बलियो माध्यम पनि हो ।

विद्यालय शिक्षा दिने संस्था मात्र होइन, बालबालिकाको सामाजिक र भावनात्मक संसार निर्माण गर्ने ठाउँ पनि हो । साथीहरूसँग भेट्ने, शिक्षकसँग कुरा गर्ने, खेल्ने र भविष्यका सपना बुन्ने ठाउँ विद्यालय नै हो । त्यसैले विपद्‌पछि विद्यालय पुनः सञ्चालन गर्नु भवन खोल्नु मात्र होइन, सामान्य जीवन फर्काउने महत्त्वपूर्ण प्रक्रिया हो । विद्यालय लामो समय बन्द रहँदा पढाइसँगै उनीहरूको सामाजिक सम्बन्ध, आत्मविश्वास र आशामा असर पर्छ ।

तर विद्यालय सुरु हुँदैमा समस्या स्वतः समाधान भइहाल्दैन । विपद् भोगेका विद्यार्थी किताब खोलेर तुरुन्तै पुरानै अवस्थामा फर्किन सक्दैनन् । यस्तो अवस्थामा शिक्षकले पाठ्यपुस्तकको पाठ मात्र पढाएर पुग्दैन, विद्यार्थीको मन पढ्न पनि सक्नुपर्छ । 'तिमी किन पढ्दैनौ ?' भनेर गाली गर्नुको सट्टा 'तिमीलाई के भएको छ ?' भनेर सोध्ने संस्कार आवश्यक छ । कक्षामा ध्यान नदिने वा अनुपस्थित हुने विद्यार्थीको मनमा घर वा अभिभावक गुमाएको गहिरो पीडा हुन सक्छ ।

बालबालिकाले घरलाई संसारकै सुरक्षित ठाउँ ठान्छन् । जब त्यही घर बाढीले बगाउँछ, उनीहरूको सुरक्षाको आधार नै भत्किन्छ । त्यसैले सम्झाएर मात्र पुग्दैन, व्यवहारबाटै उनीहरू सुरक्षित भएको अनुभूति गराउनुपर्छ । अझ अभिभावक गुमाएका अनाथ बालबालिकालाई केवल खाना र बास पर्याप्त हुँदैन, उनीहरूलाई स्थायी भावनात्मक सुरक्षा चाहिन्छ । उनीहरूलाई आफन्तको जिम्मा लगाउँदा पनि राज्यले नियमित अनुगमन गर्नुपर्छ ।

यससँगै बालबालिकाको तस्करी र शोषणको खतरा पनि तीव्र रूपमा जोडिन्छ । अभिभावक गुमाएका बालबालिकालाई 'पाल्छु' वा 'पढाइदिन्छु' भन्ने प्रलोभनमा पारेर बालश्रम र शोषणतर्फ धकेल्न सकिन्छ । त्यसैले प्रभावित क्षेत्रबाट कुनै बालबालिकालाई बाहिर लैजाँदा अनिवार्य अभिलेख र कानुनी प्रक्रिया पालना हुनैपर्छ ।

परिवारको आम्दानी गुमेपछि खर्च जुटाउन नसकेर विद्यार्थीले बिचमै पढाइ छोड्न सक्छन् । यसले एउटा सिंगो पुस्तालाई नै शिक्षाबाट बाहिर धकेल्ने खतरा रहन्छ । त्यसैले प्रभावित विद्यार्थीका लागि निःशुल्क शैक्षिक सामग्री, पोसाक, छात्रवृत्ति र आवासको व्यवस्था गर्नुपर्छ । लामो समय विद्यालय बाहिर रहेका विद्यार्थीलाई पुनः शिक्षामा जोड्नु उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

सरकारले दीर्घकालीन बाल संरक्षण तथा शिक्षा पुनर्जीवन कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसको उद्देश्य केही महिनाको राहतमा सीमित नभई शिक्षा, स्वास्थ्य, मनोसामाजिक अवस्था र सुरक्षाको निरन्तर निगरानी गर्ने प्रणाली बनाउनु हुनुपर्छ । बालबालिकाको मनोविज्ञानलाई नबुझी गरिने भौतिक पुनर्निर्माण सधैं अधुरो रहन्छ ।

विपद्‌पछि बालबालिकालाई सामान्य जीवनमा फर्काउने मुख्य माध्यम परिवार र समुदाय हुन् । सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनुपर्छ वा वैकल्पिक संरक्षण दिनुपर्छ । अभिभावकले बालबालिकाको व्यावहारिक परिवर्तनलाई गम्भीरतापूर्वक लिनुपर्छ । समाजले पनि दया होइन, समान अवसर र आत्मसम्मान दिनुपर्छ । 'पीडा समयले आफैं निको पार्छ' भन्ने भ्रम त्यागेर दीर्घकालीन परामर्शको प्रणाली विकास गर्नुपर्छ ।

बाढीले बगाएको घर वा विद्यालय पुनः बनाउन सकिएला, तर मनभित्र बसेको डर र निराशा हटाउन माया, सुरक्षा र निरन्तर साथ चाहिन्छ । विपद् व्यवस्थापन भनेको उद्धार र राहत बाँड्नु मात्र होइन, एउटा बच्चालाई फेरि निडर भएर हाँस्न सक्ने बनाउनु पनि हो । कुनै बालक फेरि मुस्कुराउँदै विद्यालय जाँदा र बालिकाले कक्षाकोठामा बसेर भविष्यको सपना देख्दा मात्र हाम्रो पुनर्स्थापनाले सही अर्थ पाउनेछ ।

इतिहासको पाना ● सन्तोष खडेरी

विपत्तिले सम्झाएको रोप-वे

नेपालमा रोप-वे कुनै बेला सामान ढुवानीको भरपर्दो र प्रभावकारी माध्यम थियो । हालै पश्चिम भोटेकोशीको बाढीपछि सडक सम्पर्क विच्छेद हुँदा सुरक्षाकर्मीले केही ठाउँमा तुइन वा अस्थायी रोप-वे जडान गरेसँगै यस्ता साधनको खाँचो पुनः महसुस भएको छ ।

ऐतिहासिक रूपमा, महाराज चन्द्रशमशेरको पालामा मकवानपुरको धोर्सिङदेखि काठमाडौंको मातातीर्थसम्म निर्माण भई पछि अमेरिकी सहयोगमा हेटौंडा-काठमाडौं स्तरोन्नति गरिएको रोप-वे राजधानीका लागि 'लाइफलाइन' थियो । २०११ सालको ठुलो बाढीले त्रिभुवन राजपथ र भीमफेदी सडक बगाउँदा तथा २०४८ सालको बाढी-पहिरोमा सञ्जाल टुट्दा यही रोप-वेमार्फत खाद्यान्न र अत्यावश्यकीय सामान ढुवानी गरिएको थियो । (भाद्र ३०, २०११ को समाज दैनिकमा पनि यसको प्रभावकारिता उल्लेख छ) ।

तर, २०४८ सालपछि उचित संरक्षण र प्राथमिकताको अभावमा यो ऐतिहासिक एवं उपयोगी पूर्वाधार बेवारिसे बन्यो । आज नारायणगढ-मुग्लिनजस्ता मुख्य राजमार्ग सामान्य पहिरोले अवरुद्ध हुँदा पनि काठमाडौंको आपूर्ति व्यवस्था ठप्प हुने जोखिम रहन्छ ।

हाम्रो जस्तो भौगोलिक बनावट भएको मुलुकमा कम खर्चिलो, वातावरणमैत्री र विपद्‌का बेला वैकल्पिक ढुवानीको बलियो माध्यम बन्न सक्ने यस्ता रोप-वेलाई धराशायी बनाइनु दुखद हो । तसर्थ, संकटका बेला जीवनदायिनी बन्ने यस्ता पूर्वाधारको पुनर्निर्माण र पुन सञ्चालनमा सरकारले बेलैमा ध्यान दिनु आवश्यक छ ।

छोराछोरीले दिएको खर्च बचाएर बाढीपीडितलाई सहयोग

अष्ट्रेलियाबाट नेपाली अभिभावकले पठाए १ लाख ३ हजार

काठमाडौं/मस-नेपालमा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि अष्ट्रेलियामा रहेका नेपाली अभिभावकहरूले उदाहरणीय सहयोग गरेका छन् ।

छोराछोरी भेट्न अष्ट्रेलियाको साउथ ब्रिस्बेन पालारा पुगेका नेपाली अभिभावकहरूले आफूलाई छोराछोरीले खर्चका लागि दिएको रकम संकलन गरी १ लाख ३ हजार ५२ रुपैयाँ ७३ पैसा प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेका हुन् । हिथूड पाल्लारा नेप्लिज प्यारेन्ट्स समूहका सचिव देवेन्द्र कार्कीका अनुसार समूहले मात्रै अष्ट्रेलियन डलर ५०० र समूहमा आवद्ध अभिभावकहरूले थप रकम संकलन गरी उक्त सहयोग गरेका हुन् ।

कार्कीले भने, 'छोराछोरीले हामीलाई खर्च गर्न दिएको रकम जम्मा गरेर राहत कोषमा जम्मा गरेका हौं ।' छोराछोरी भेट्न अष्ट्रेलिया पुगेका नेपाली अभिभावकहरू पछिल्लो समय संगठित हुँदै आएका छन् ।

उनीहरू नियमित भेटघाट गर्ने तथा नेपाली चाडपर्वहरू समेत सामूहिक रूपमा मनाउँदै आएका छन् । यही आत्मीय सम्बन्धलाई सामाजिक सेवासँग जोड्दै उनीहरूले बाढीपीडितका लागि सहयोग जुटाएका हुन्। आफूहरूका लागि छोराछोरीले दिएको व्यक्तिगत खर्चलाई समेत विपद्मा परेका नेपालीका लागि समर्पण गर्नुले प्रवासमा रहेका नेपाली अभिभावकको सामाजिक उत्तरदायित्व र मातृभूमिप्रतिको भावनालाई झल्काएको छ ।

समूह आधिकारिक रूपमा दर्ता नभएकाले राहत कोषमा रकम कुशल अधिकारीको नामबाट जम्मा गरिएको जनाइएको छ । भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनामा राज्यसहित विभिन्न संघसंस्था र व्यक्तिहरूबाट सहयोग जुटिरहेका बेला अष्ट्रेलियामा रहेका नेपाली अभिभावकको यो सहयोगले 'सानो रकमभन्दा ठूलो भावना' भन्ने सन्देश दिएको छ ।

बाढीबाट प्रभावितका लागि ब्रह्माकुमारी राजयोग सेवा केन्द्रद्वारा १ करोड १ लाख सहयोग

काठमाडौं/मस-भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्निर्माण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालले १ करोड १ लाख रुपैयाँ सहयोग प्रदान गरेको छ । उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा हुनेगरी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपालकी सहनिर्देशक ब्रह्माकुमारी किरण दिदीको नेतृत्वमा सोमबार अर्थमन्त्री

डा. स्वर्णिम वाग्लेलाई चेक हस्तान्तरण गरिएको हो ।

सहयोग हस्तान्तरण कार्यक्रममा स्याङ्जा क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य धनन्जय रेग्मी, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष, केन्द्रका सक्रिय सदस्य एवं समाजसेवी दिलप्रसाद पोखरेललगायतको सहभागिता रहेको थियो ।

सहयोग रकम ब्रह्माकुमारी ब्रह्मकुमारहरू र योग साधकहरूको तर्फबाट जम्मा गरिएको केन्द्रले जानकारी दिएको छ । बाढी प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण कार्य तीव्र पार्न विभिन्न संघसंस्थाबाट सहयोग आउने क्रम जारी रहेको छ ।

कोशीमा स्रष्टा सम्मानसहित कवितावाचन

धरान/मस- कोशी प्रदेशमा स्रष्टा सम्मानसहित कवितावाचन सम्पन्न भएको छ । स्वाधीनता, सुशासन, समृद्धि र वैज्ञानिक समाजवादका लागि जनसंस्कृति भन्ने उद्घोषका साथ जनसांस्कृतिक महासंघ, कोशी प्रदेश समितिले स्रष्टासम्मान तथा रचना वाचन कार्यक्रम गरेका हो । वरिष्ठ कवि तथा प्राज्ञ चेतनाथ धमलाको प्रमुख आतिथ्यमा विमल स्मृति पुस्तकालय, सुनसरी ,धरान-१८, बुद्धचौकमा कार्यक्रम सम्पन्न भइकन्छ हन्छ । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि धमलाले भाषा ,साहित्य,संस्कृति र कला लगायतका क्षेत्रमा एक नम्बर प्रदेशको विशेष महत्त्व रहेको बचताए । अबको साहित्य सिर्जनामा वर्गीय पहिचान ,समावेशिता , विचार, कला र सौन्दर्यबोध हुनुपर्ने बताए ।

सो कार्यक्रममा साहित्यिक क्षेत्रमा विशेष योगदान पुर्याएका स्रष्टाहरू शंकर सुनुवार,देव सुब्बा इजम र टंक राजवंशीलाई सम्मानित भएका छन् । त्यस्तै प्रमुख अतिथि धमलाले धरान नगरपालिका वडा नं.१३ का अध्यक्ष नेत्रप्रसाद काफ्ले र कवि शकुन्तला त्रिखत्री (भुसाल) बिरामी अवस्थामा निवासमै पुगेर सुस्वास्थ्यको कामनासहित सम्मान हस्तान्तरण गरे । जनसांस्कृतिक महासंघ नेपाल एक नम्बर (कोसी) प्रदेशका संयोजक प्राज्ञ प्राडा खेमराज खनालले यस महासंघले सबै जातजाति सबै भाषा,संस्कृति र साहित्यको संरक्षण र सम्बर्धन गर्दै समाजवादी लेखनयात्रामा लाग्नुपर्नेमा जोड दिए । कार्यक्रमका विशिष्ट अतिथि, पूर्व सांसद तथा वरिष्ठ प्रगतिवादी कवि कुन्ता शर्माले प्रज्ञा-प्रतिष्ठानहरूमा प्राज्ञ नियुक्त हुँदा सरकारले मनोमानी गरेका भन्दै चिन्ता व्यक्त गरिन् ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०९/०५ मा दर्ता भएको **प्रा.लि.नं. १८०२०४** को **सेतिदेवी बालुवा खानी तथा प्रशोधन प्रा. लि.** को मिति २०८३/०५/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्कः ९८६३५४२२९०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७।११।०९ मा दर्ता भएको **प्रा.लि. नं. ८०८३०** को **थापा क्याटरिङ्ग सर्भिस एण्ड टेण्ट हाउस** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०५।०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७१।११।१४ मा दर्ता भएको **प्रा.लि. नं. १३२७९३** को **हिमालयन रेन्ज ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०३।३२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०७८।०५।१७ मा दर्ता भएको प्रा. लि. नं. २७०३५१ को **मास्टर स्विल्स् प्रा.लि.** को मिति २०८३।०५।१९ गतेको वार्षिक साधारणसभाबाट कम्पनीलाई स्वेच्छिक खारेजीमा लैजाने निर्णय गरेकोले कम्पनी ऐन, २०६३ अन्तर्गत रही कम्पनी खारेजीको प्रक्रिया शुरु गरिसकेको छ । तसर्थ उक्त कम्पनीसंग कोहीकसैको लेनदेन बाकी भएमा तल उल्लेखित ठेगानामा आवश्यक प्रमाण सहित आजका मितिले ३५ दिन भित्र हकदावी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ । कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम बाकी दायित्व भुक्तान गरी बाकी जायजेथा शेयरधनीलाई बाडिने हुनाले तोकिएको म्यादभित्र दावी नगरिएमा पछि कुनै पनि दावी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सूचना मार्फत जानकारी गराइएको छ ।

लिक्विडेटरः राधिका गोसाई, इजाजत पत्र नं.: ४८०, भ.न.पा.-५, भक्तपुर, फोन : ९८४१६७५८०३

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०५/१९ मा दर्ता भएको **प्रा.लि. नं. २९८२००** को **हात्तिवन सेकुवा हाउस एण्ड रेष्ट्रो प्रा.लि.**को मिति २०८३/०५/२२ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटरः नारायण प्रसाद शर्मा, इजाजतपत्र नं. ४४१, फोन. ९८५११२८५२०

सूचना

जिल्ला इलाम साविक माईमझुवा गाउँ विकास समिति वडा नं. ७ हाल सन्दकपुर गाउँपालिका वडा नं. २ बस्ने भु. पू. भारतिय सैनिक नं. **JC - 612486A** युनिट **5/4 GR** रैंक सुवदार प्रेम बहादुर गुरुङ्ग निजको नागरिकतामा जन्म मिति २०१६/०४/२५ गते तथा पेन्सन पट्टामा जन्म मिति ई.सं. ९ मार्च १९६२ र निजको श्रीमति चन्द्र माया गुरुङ्को नागरिकतामा जन्म मिति २०२३/१०/०३ तथा पेन्सन पट्टामा जन्म मिति ई. सं. २० सेप्टेम्बर १९६६ उल्लेखित भई जन्म मिति फरक परेको व्यक्तिहरु अलग अलग व्यक्ति नभई एकै व्यक्ति भएको भनी जिल्ला प्रशासन कार्यालयबाट पारिवारिक विवरण सहित सिफारिस भई आएकोले पेन्सन प्रयोजनको लागी सोही व्यहोरा प्रमाणित गरिन्छ ।

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
केन्द्रीय कार्यालयः बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरुलाई जरुरी सूचना

प्रथम पटक सूचना प्रकाशित : मिति २०८३/०५/२३ गते

यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको ७४१७ कित्ता संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा राखी निवेदन दिनु भएको र संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको परिधि भित्र रही यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरुलाई शेयर खरीदकोलागि प्राथमिकता दिनुपर्ने व्यवस्था बमोजिम उक्त शेयर खरिद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ । उक्त शेयर खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा आफुले खरिद गर्ने शेयर कित्ता तथा दरभाउ सहितको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८३/०५/२३

यस बैंकका निक्षेपकर्ता श्री बाबुराम बस्नेतकी छोरी, लोक बहादुर बुढाथोकीको बुहारी, हर्ष बहादुर बुढाथोकीको पत्नी हाल काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.४ बस्ने वर्ष ८१ को श्रीमती **सावीत्री बुढाथोकी** (ना.प्र.प.न.२६४, जारी मिति २०४१/०३/२३, काठमाण्डौं) को मिति २०८१/०७/१५ गते निधन भएको साथै यस बैंकका निक्षेपकर्ता श्री सुनापती बुढाथोकीको नाति, श्री लोक बहादुर बुढाथोकीको छोरा हाल काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं.४ बस्ने वर्ष ८२ को श्री **हर्ष बहादुर बुढाथोकी**को (ना.प्र.प.न.३५६३, जारी मिति २०२८/१२/०७, काठमाण्डौं) को मिति २०८२/०४/०४ गते निधन भएकोले मृतकहरुको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु तथा बैंकमा रहेको मृतक सावीत्री बुढाथोकीको नाममा रहेको लकर समेत उपलब्ध गराई दिनुहोस् भनी निजहरुको छोरा श्री असोक बुढाथोकीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेप तथा लकरमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरु र लकर निवेदकको माग बमोजिम मृतकहरुको छोरा श्री असोक बुढाथोकीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र रद्द गरिएको सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०५/२२

सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), केसरमहल काठमाडौँको प.स.-०८३/८४, च.नं. MIT/१८२, मिति २०८३/०५/११ गतेको सूचना अनुसार हाल संचालनमा रहेको e-GP System मा सुरक्षा जोखिम उच्च रहेको र प्रणाली सुधार/मर्मतसम्भार भइरहेको हुनाले अर्को सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरिएको भनी सूचना प्रकाशन गरेकोले यस रेसुङ्गा नगरपालिकाको कार्यालय तम्घास, गुल्मीबाट मिति २०८३/०४/२१, २०८३/०४/२६ र २०८३/०५/०२ गते विभिन्न कार्यहरुका लागि विधुतीय खरिद प्रणाली (e-GP System) मार्फत पेश गर्ने गरि आह्वान गरिएका देहायका सम्पूर्ण बोलपत्रहरु रद्द गरिएको छ। साथै, रद्द गरिएका बोलपत्रहरु हार्डकपी मार्फत अर्को सूचनाद्वारा आह्वान गरिने व्यहोरा समेत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति : २०८३/०४/२१ मा प्रकाशित सूचना

S. N.	Contract ID	Description of Works	Estimated amount (with VAT & PS)
1	ORM-NCB-GUL-W-07-083/84	Janasahayog Ma Vi Bhuwanpani Saishik Purak purwadhar Nirman, Resunga Municipality -5, Gulmi	6795624.11
2	ORM-NCB-GUL-W-08-083/84	Bhim Chowk Sidi Nirman, Resunga Municipality -8, Gulmi	775958.56
3	ORM-NCB-GUL-W-09-083/84	Construction Of Covered Hall, Resunga Municipality -4, Gulmi	970632.70
4	ORM-NCB-GUL-G-10-083/84	Procurement and supply of Colored CGI sheets As per Specifications To Resunga Municipality	2990234.00

मितिः २०८३-०४-२६ मा प्रकाशित सूचना

S. N.	Contract ID	Description of Works	Estimated amount (with VAT&PS)
1	ORM-NCB-GUL-W-11-083/84	Upgrading Of Princhour Ritharukh Road, Resunga Municipality-5, Gulmi	1940996.53
2	ORM-NCB-GUL-W-12-083/84	Saunethum Chourma Gabion Nirman, Resunga Municipality-6,Gulmi	970690.37
3	ORM-NCB-GUL-W-13-083/84	Subedar Chour Khel Maidan Nirman,Resunga Municipality-03,Gulmi	873306.96
4	ORM-NCB-GUL-W-14-083/84	Bhadgaun Ma Vi Ko Bhawan Ma Truss Hall Adhuro Kaam Sampanna Yojana, Resunga Municipality-3, Gulmi	1940993.29
5	ORM-NCB-GUL-W-15-083/84	Construction of Truss at Chhaldi Panaha, Dharaka Pandhera, Myalghat, Bajhapokhari and Kekuli, Resunga Municipality, Gulmi	1157484.06

मितिः २०८३-०५-०२ मा प्रकाशित सूचना

S. N.	Contract ID	Description of Works	Estimated amount (with VAT&PS)
1	ORM-NCB-GUL-W-16-083/84	Upgrading of Kudapani- Puchara Road and Cheteneta Mohorai Sikhedhara Road, Resunga Municipality-7 and 10, Gulmi	19704344.02
2	ORM-NCB-GUL-W-17-083/84	Upgrading of Supakhola-Bardabas-Khamsepani and Gaukadhara-Kot-TallaPokhara Road, Resunga Municipality-3 & 5, Gulmi	9852065.03
3	ORM-NCB-GUL-W-18-083/84	Construction of Compound Wall at Rangbash Sahari Swasthey Kendra Resunga Municipality-11, Gulmi	582377.13
4	ORM-NCB-GUL-W-19-083/84	Neta Water Supply Project, Resunga Municipality-7, Gulmi	826091.34
5	ORM-NCB-GUL-W-20-083/84	Upgrading of Behore-Labdi-Badhaghat Road Chhaptola Road, Resunga Municipality-3 & 8, Gulmi	3940785.00

प्रमुख प्रशासकीय अधिकृत

जापानमा रोजगारको अवसर — Seven Samurai Cooperative

पुर्व स्वीकृती मितिः २०८३/५/२१ चलानी नं.: ६०२६०७९७ LT.: 347587

सि.नं.	कामदारको पद	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Food Prepare Meal	3	कामामा दक्ष	204000	१,९९,३८०।-	क.नि. अनुसार	७.५ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैंले	रु. १,५००।- कामदार आफैंले	रु. ७००।- कामदार आफैंले	नि:शुल्क

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने

दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८३ भाद्र ३० गते (15 Sept., 2026) हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुभ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुभ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.
श्रम ईजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८०३७७४४३६
सम्पर्क अधिकारी : ९८५११०९३९१ (गगन श्रेष्ठ)

कतारमा रोजगार

कम्पनी : AYFRST LLKHDMAT WALDYAFH — शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८३/०५/१७ चलानी नं.: ६०२६०६२१ LT. No.: 347379

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Customer Service Agent II	0	4	स. काममा दक्ष	1500	६२,०८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MONEY HOME OVERSEAS PVT. LTD. Govt. Lic. No. 863/066/067
Tokha -10, Kathmandu, Nepal, Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np

मलेसियामा रोजगार

कम्पनी : SAM YOU QUAIL FARM — शहर : MALAYSIA (पुन विज्ञापन)
पूर्व स्वीकृत मितिः २०८३/०१/०७ चलानी नं.: ६०२५४११६ LT. No.: 340745

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Farmer	2	0	स. काममा दक्ष	1700	६३४१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

TILICHO OVERSEASE PVT.LTD. Gov. Lic No. 1234/074/075
Gaushala bijaya chowk -9, Kathmandu, Tel : 01-5927398, 9802800273
Email : tilichooverseas@gmail.com

युएईमा रोजगार

कम्पनी: AL FARIS METAL WORKSHOP L L C S P C — शहरः Fujairah
पूर्व स्वीकृत मितिः २०८३/०५/२१ चलानी नं.: ६०२६०७५१ L.T. No.: 347573

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	workshop assistant	2	0	स. काममा दक्ष	1200	४९२९६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

PERFECT RECRUITING SERVICE PVT. LTD. श्रम इजाजत पत्र नं. ९५३/०६७/०६८
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Email: info.perfectrecruiting@gmail.com, www.perfectrecruiting.com.np.

कुवेतमा रोजगार

कम्पनी: AMANKO SECURITY COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/२१ चलानी नं.: ६०२६०७४७ LT. No.: 347618

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब KD	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	SECURITY GUARD	230	15	स. काममा दक्ष	125	६१४३३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु.१०,०००

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD. ISO 9001 : 2015
Govt. Lic. No.: 821/066/067
Tokha-5, Basundhara Kathmandu, Tel.: 01-4956654, 4955978,
Prakash Paudel Contact No : 9849664971,
Email: info@linknepalmanpower.com

मलेसियामा रोजगार

कम्पनी : JLM MANAGEMENT & CONSULTANCY SDN BHD — शहरः MALAYSIA (पुन विज्ञापन)
पूर्व स्वीकृत मितिः २०८३/०१/२२ चलानी नं.: ६०२५४८२७ LT. No.: 341545

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaning/Washing Worker	44	0	स. काममा दक्ष	1700	६३४१०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ ३० गते (15 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
